# रूपन्देही र पाल्पाको पत्रकारिता केही आशलाग्दा प्रयासहरू

शेखर पराजुली

## १. विषय प्रवेश

रेडियो लुम्बिनीको बुद्ध प्रार्थनाको धुन र गायत्री मन्त्रोच्चारणको शङ्खघोष सँगसँगै अचेल वुटवल सवेरै निद्रावाट व्युँभन्छ र चिया सुर्काउँदै स्थानीय अखवारहरूमा छानी छानी दृष्टि दौडाउने गर्छ।

पश्चिम नेपालको प्रमुख व्यापारिक केन्द्रका साथै यातायातका दृष्टिकोणले अत्यन्तै सुविधाजनक स्थानका रूपमा रूपन्देही जिल्ला परिचित छ। नेपाल भारत सीमाक्षेत्रको प्रमुख नाका सुनौली यसै जिल्लामा भएकाले यहाँ थप चहलपहल देखिनु स्वाभाविकै पनि हो। वुटवल र भैरहवा यस जिल्लाका प्रमुख दुई सहरहरू हुन्। पाल्पा जिल्ला यसैको छिमेकमा अवस्थित पहाडी जिल्ला हो र तानसेन पाल्पाको प्रमुख वजार हो। पत्रकारिताको सन्दर्भमा भैरहवा र तानसेन कम सक्रिय देखिए पनि वुटवल भने काठमाडौं उपत्यकावाहिरका अन्य सहरहरूका दाँजोमा अग्रस्थानमा छ। वुटवलको पहिलो अखवार *साप्ताहिक वुटवल*को प्रकाशन वि.सं. २०१२ मा भए यता यहाँको पत्रकारिताले भण्डै पाँच दशक पार गरिसकेको छ। आ.व. २०५७/०५८ सम्ममा रूपन्देही जिल्लामा १५ दैनिक, १ अर्धसाप्ताहिक, २२ साप्ताहिक र ४ पाक्षिक गरी जम्मा ४२ वटा समाचारमूलक अखवारको दर्ता भएको छ (प्रेस काउन्सिल नेपाल २०५८:४७)। वुटवलमा हाल ५ दैनिक, ३ साप्ताहिक र १ द्वैमासिक म्यागजिन; भैरहवामा १ साप्ताहिक र पाल्पामा ३ साप्ताहिकको प्रकाशन हुने गरेको छ। फ्रिक्वेन्सी मोडुलेसन (एफएम) रेडियोले पनि यस क्षेत्रमा विस्तारै प्रभाव जमाउन थालेको छ। रूपन्देहीको मणिग्राममा र पाल्पाको मदनपोखरामा एक एकओटा एफएम रेडियो स्टेसनहरूले आफ्ना कार्यक्रमहरू प्रसारण गरिरहेका छन्। वुटवलमा अर्को रेडियो स्टेसन स्थापनाको अन्तिम चरणमा पुगेको छ र पाल्पामा पनि अर्को रेडियो स्टेसन राख्नको लागि सञ्चार मन्त्रालयमा आवेदन परेको छ।

यस भेगमा राजधानीवाट प्रकाशित प्रायजसो अखवारहरू भेटाउन सकिन्छ। *रेडियो नेपाल* र *नेपाल टेलिभिजन*को प्रसारण पनि सुन्न र हेर्न सकिन्छ। स्थानीय केवुल अपरेटरहरूले विदेशी टिभी च्यानलहरू यहाँका वासिन्दाहरूका लागि उपलव्ध गराउँदै आएका छन्। भैरहवा र वुटवलमा भारतीय अखवारका पाठकहरू पनि निकै छन्। यी सवै खाले मिडियाको भीडमा प्रभावकारी पहिचान वनाउन यस क्षेत्रमा खास गरी वुटवलको पत्रकारिता सफल भएको मानिन्छ।

नियमित प्रकाशित अखवारको सङ्ख्या, संलग्न सञ्चारकर्मीहरूको सङ्ख्या, पाठक र ग्राहकहरूको सङ्ख्यालगायत पत्रकारितासम्वन्धी अन्य गतिविधिहरूले गर्दा

उपत्यका वाहिरका अन्य सहरको दाँजोमा वुटवलको पत्रकारिताको स्थान महत्त्वपूर्ण वनेको हो। यद्यपि नेपालको पत्रकारिता पूर्ण रूपले काठमाडौंमुखी रहेको हालको अवस्थामा काठमाडौंवाहिर हुने गरेका पत्रकारिताका अभ्यास र अन्य सहयोगी गतिविधिहरू छायाँमा नै पर्ने गरेका छन्। हाम्रा देशमा पत्रकारितासम्वन्धी अनुसन्धान पनि कमै हुने गरेको छ र जे जति भएकाहरू पनि काठमाडौंकै सेरोफेरोमा सङ्कुचित छन्। त्यसैले वुटवलको पत्रकारिताका वारेमा अनुसन्धान गरेको भेटिँदैन।

यस क्षेत्रको पत्रकारिताको वस्तुस्थितिको लेखाजोखा गरिएका लेखहरू पनि त्यति धेरै प्रकाशमा आएको पाइँदैन। नेपाल पत्रकार सङ्घ (हाल महासङ्घ) रूपन्देही शाखाले वि.सं. २०५१ मा प्रकाशन गरेको स्मारिका *रूपन्देहीको पत्रकारिता: एक दिग्दर्शन* यस विषयको उल्लेखनीय प्रयास हो (चापागाई २०५१)। खासगरी यसमा 'रूपन्देहीको पत्रकारिता अतीतदेखि वर्तमानसम्म' भन्ने लेखले यहाँको पत्रकारिताको अतीतका केही विवरण पेस गरेको छ (जोशी २०५१)। नेपाल पत्रकार महासङ्घ, रूपन्देही शाखाले नै वि.सं. २०५७ मा अर्को स्मारिका *मोफसल* प्रकाशित गरेको छ र यसले पनि यहाँको पत्रकारितासम्वन्धी केही विवरण दिन खोजेको छ (के.सी. २०५७)। पाल्पाको वारेमा मेघराज शर्माले विगतमा कुनकुन पत्रिका पाल्पामा निस्कन्थे भन्ने विवरण सङ्कलन गर्नुभएको छ (शर्मा २०५५)। वसन्तध्वज जोशीले पश्चिमाञ्चल क्षेत्रको पत्रकारितावारे वुटवलमा एउटा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो (जोशी २०५५:३४)। उक्त कार्यपत्रमा पाल्पा र रूपन्देहीको पत्रकारिताको विगतलाई विवरणात्मक रूपमा समेटिएको छ। यीवाहेक प्रेस काउन्सिलका वार्षिक प्रतिवेदनहरूमा रूपन्देही र पाल्पावाट प्रकाशित पत्रपत्रिकाको वर्गीकरणका साथै दर्ता भएका पत्रिकाको सङ्ख्या, प्रकाशित हुने पत्रिकाहरूको सङ्ख्या, नियमित प्रकाशित हुने पत्रिकाको सङ्ख्या इत्यादिका वारेमा जानकारी प्राप्त हुन्छ।

यीमाथि उल्लिखित सवै सामग्रीहरूमा पत्रकारितासम्वन्धी अभ्यास र प्रवृत्तिको वारेमा विश्लेषण गरिएको नभएर विवरणहरूको प्रस्तुति मात्रै देखा परेको छ। यस सन्दर्भमा यहाँको पत्रकारिताका वारेमा भएका अभ्यास र प्रवृत्ति जान्ने उद्देश्यले यो अध्ययन गरिएको हो। यस क्षेत्रको पत्रकारितासँग सम्वन्धित व्यक्तिहरूसँगको कुराकानी र स्थानीय मिडियाको अध्ययनका साथै अवलोकनका आधारमा प्राप्त सूचना तथा जानकारीहरूको विश्लेषण गरी संस्थागत स्वरूप, विषयवस्तु, जनशक्ति, विज्ञापन वजार, सुशासन इत्यादि उपशीर्षकमा यहाँ प्रस्तुत गरिएको छ।

## २. मिडियाको संस्थागत स्वरूप

छापा माध्यम र रेडियो दुवैको उपस्थिति रहेकाले यी दुवैको स्वरूपवारे यहाँ वेग्लावेग्लै चर्चा गरिएको छ।

### (अ) प्रकाशनगृह

राजधानीवाहिर अखवार सञ्चालन गर्नेले सम्पादकदेखि हकरसम्मको सारा काम आफू एक्लैले अथवा आफ्नै परिवार भित्रैवाट भ्याउनुपर्ने वाध्यता रहेको भनिन्छ। तर यस

क्षेत्रको पत्रकारिताले यस्तो स्थितिलाई राम्ररी नै उछिनेर अगाडि वढिसकेको छ। यहाँका अखवारहरूले पुरानो लेटर प्रेसलाई विदा दिइसकेका छन्। नयाँ साजसज्जासहित आफ्नो अखवारलाई आकर्षक वनाई धेरै भन्दा धेरै पाठकको ध्यान तान्नेतर्फ यहाँका प्रकाशकहरूवीच होड छ।

सवैजसो अखवारहरू संस्थागत रूपमा सामूहिक सहभागितावाट प्रकाशित हुन्छन्। यो सामूहिक सहभागिता वित्तीय र कार्यगत दुवै हिसावले हो। प्रकाशनका लागि लगानी गर्नेहरू एकभन्दा धेरै व्यक्तिहरू छन्। नियमित कार्य सञ्चालनका लागि व्यवस्थापन र सम्पादकीय विभाग छुट्टाछुट्टै भएकाले संस्थाको कार्य विभाजन प्रक्रिया अनुरूप कर्मचारीहरू आ-आफ्नो काम गर्छन्। यहाँका दैनिक, साप्ताहिक र म्यागेजिनका वारेमा तल वेग्लावेग्लै वर्णन गरिएको छ।

**(क) दैनिकः** यस क्षेत्रमा हाल *लुम्विनी, जनसङ्घर्ष, नयाँ दिशा, श्री देउराली, मेचीकाली सन्देश* गरी जम्मा ५ ओटा दैनिक पत्रिका छन्। यी सवै पत्रिकाहरू वुटवलबाट नै प्रकाशित हुन्छन्। यी मध्ये *लुम्विनी* र *जनसङ्घर्ष* प्रारम्भिक अवस्थामा एकल प्रयासवाटै देखा परेका हुन्। लगानी र व्यवस्थापनको कठिनाइले पछि यी प्रकाशनहरू सामूहिक प्रयासवाट सञ्चालित हुन पुगे। *लुम्विनी* दैनिक २०४६ सालको जनआन्दोलनभन्दा अगाडिदेखि नै प्रकाशित हुने गरेको हो र सुरुमा यसका सम्पादक तथा प्रकाशक कर्णवहादुर कार्की हुनुहुन्थ्यो। उहाँ पञ्चायतइतरको राजनीतिमा सक्रिय भएकाले रूपन्देहीको तत्कालीन जिल्ला प्रशासन कार्यालयले उहाँको नाममा पत्रिका दर्ता गर्न नमानेपछि दैनिक *लुम्विनी*लाई नवलपरासी जिल्लामा दर्ता गरियो तर सुरुदेखि नै प्रकाशन भने वुटवलवाटै भयो। जनआन्दोलनको अवधिमा यो पत्रिका लोकप्रियताको शिखरमा पुगेको वताइन्छ। *जनसङ्घर्ष* भने प्रजातन्त्रको सुरुआत सँगसँगै देखा परेको हो। त्यसपछि *यथार्थ, चौतारी, नयाँ दिशा, श्री देउराली* आदि दैनिकहरू यहाँ देखा परे। *नयाँ दिशा* र *श्री देउराली* हालसम्म पनि छन् भने अन्य पुनर्जीवन पाउने आशामा छन्। *चौतारी*लाई फेरि निरन्तरता दिने प्रयास गरिएको वुझिन्छ। *मेचीकाली सन्देश*को प्रकाशन सुरु भएको भरखरै एक वर्ष पुगेको छ। *मेचीकाली सन्देश*लाई सहकारी संस्थाले सञ्चालन गरेको हो। *नयाँ दिशा* र *श्री देउराली* सुरुदेखि नै संयुक्त लगानीमा देखा परेका हुन्। हाल सञ्चालन भइरहेका यी प्रकाशनहरूवारे केही विवरण तालिका १ मा देखाइएको छ।

हालका यी अखवारमा लगानी गर्ने सञ्चालकहरू मुख्यगरी तीन किसिमका छन्। पहिलोमा पत्रकारहरू नै पर्छन्। आफूले सुरुदेखि नै पत्रकारितालाई पेसाको रूपमा अपनाउँदै आएका केही पत्रकारहरूले थोरवहुत लगानीसमेत लगाई यसलाई व्यवसायको रूपमा स्वीकारेका छन्। तर यस्ता पत्रकारहरूको सङ्ख्या ज्यादै कम छ। कर्णवहादुर कार्की (*लुम्विनी*), मोहन चापागाई (*लुम्विनी*), वालकृष्ण चापागाई (*जनसङ्घर्ष*) जस्ता केही व्यक्तिहरू यस कोटिमा पर्छन्। दोस्रोमा राजनीतिकर्मीहरू छन्। राजनीति नै उनीहरूको अभीष्ट हो। पत्रकारितामा पहुँच वढाएपछि यसवाट राजनीतिक फाइदा पनि लिन सकिने भएकाले उनीहरूको आकर्षण यतातिर वढेको

हो। भरतकुमार पोखरेल (*मेचीकाली सन्देश,* प्रचार विभाग प्रमुख, नेकपा एमाले रूपन्देही), नन्दीकेश्वर ढकाल (*मेचीकाली सन्देश,* अध्यक्ष नेकपा एमाले वुटवल नगर समिति), गोविन्दवहादुर थापा (*नयाँ दिशा,* केन्द्रीय सल्लाहकार, राष्ट्रिय जनमोर्चा नेपाल) आदि यस कोटिका लगानीकर्ताका केही उदाहरणहरू हुन्। त्यसो त पहिलो कोटिमा परेकाहरू पनि राजनीतिक हिसावले निष्क्रिय भने होइनन्। तेस्रो कोटिमा पैसावाल व्यापारी तथा उद्योगपतिहरू पर्छन्। उनीहरूले यसलाई नाम र दाम दुवै कमाइने उद्योगको रूपमा लिएका छन्। हाल वुटवलमा यस किसिमका लगानीकर्ताको क्रमशः वृद्धि हुँदैछ। वेनुराम प्रधान (*जनसङ्घर्ष*), अजयमान श्रेष्ठ (*जनसङ्घर्ष*), ऋषि ज्ञवाली (*लुम्विनी*), एम.वी. विश्वकर्मा (*लुम्विनी*) आदि यस किसिमका लगानीकर्ताका उदाहरण हुन्। *जनसङ्घर्ष*मा यस क्षेत्रका नाम चलेका उद्योगपति वेनुराम प्रधानले हालै प्रवेश गर्नुभएको छ। संस्थाको आफ्नै घर किन्ने, पत्रिकाको आकार र पृष्ठ सङ्ख्या वढाउने, केही समयपछि रङ्गीन कलेवरमा पत्रिका निकाल्ने जस्ता नयाँ सोच सहित उहाँ हाइटेक अफसेट प्रकाशन प्रालिको अध्यक्ष वन्नुभएको छ।

तालिका १: दैनिक पत्रिका

| क्र. सं. | प्रकाशनको नाम | प्रकाशक | सम्पादक | सुरु भएको साल | जम्मा लगानी (रूपैयाँमा) | हिस्सेदार सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | लुम्विनी | सिद्धार्थ पव्लिकेसन प्रा.लि. | कर्णवहादुर कार्की | २०४६ | २५ लाख | ६ |
| २. | जनसङ्घर्ष | हाइटेक अफसेट प्रकाशन प्रा.लि. | वालकृष्ण चापागाई | २०४७ | ३३ लाख | ७ |
| ३. | नयाँ दिशा | जागृति प्रकाशन प्रा.लि. | गोविन्दवहादुर थापा | २०५२ | ५ लाख | ५ |
| ४. | श्री देउराली | आकाशगङ्गा प्रकाशन प्रा.लि. | अच्युत वाग्ले | २०५४ | ५ लाख | २ |
| ५. | मेचीकाली सन्देश | मेचीकाली वहुउद्देश्यीय सहकारी संस्था लि. | भरतकुमार पोखरेल | २०५७ | ३० लाख | २९ |

*स्रोत: प्रकाशनगृहका सम्बद्ध व्यक्तिसितको कुराकानी।*

दैनिक *लुम्विनी*ले २०५१ सालमा सर्वप्रथम अफसेट प्रविधिमा पाइला हालेको हो। हाल *श्री देउराली* वाहेक सवैको आ-आफ्नै अफसेट प्रेस छ। *श्री देउराली* पहिले काठमाडौं र विराटनगरवाट एक साथ प्रकाशित हुन्थ्यो। विराटनगरमा राम्रो वजार लिन नसेकपछि विराटनगरको कार्यालय वुटवलमा सारियो (हेर्नुहोस् यस पुस्तकको पृष्ठ ५८)। अझै पनि श्री देउरालीको मुखपृष्ठको सिरानमा 'काठमाडौं र वुटवलवाट

एकसाथ प्रकाशित' भन्ने गरिन्छ तर अहिले वुटवलवाट मात्रै प्रकाशित हुने गरेको छ। *जनसङ्घर्ष*को प्रकाशक रहेको हाइटेक अफसेट प्रकाशन प्रा.लि.ले अफसेट प्रेस स्थापनार्थ प्रेस काउन्सिलअन्तर्गतको मिडिया विकास कोषमार्फत सहुलियत व्याजदरमा ऋण सहयोग प्राप्त गरेको हो। यसको जम्मा लगानी मध्येको १५ लाख मिडिया विकास कोषमार्फतको सहुलियत व्याज दरको ऋण सहयोग हो।

*श्री देउराली*का सञ्चालकहरू अच्युत वाग्ले र हरि अधिकारी दुवैजना काठमाडौंमा नै वस्नुहुन्छ र उहाँहरू दुवैले यस पत्रिकालाई खासै ध्यान पुऱ्याएको देखिँदैन। प्रधान सम्पादकका रूपमा भने अच्युत वाग्लेको नाम हरेक दिन छापिएकै हुन्छ। त्यसो त *नयाँ दिशा*का सञ्चालक तथा प्रधान सम्पादक गोविन्दवहादुर थापा पनि काठमाडौंमै वसेर *हाँक* साप्ताहिक सञ्चालन गरिरहनुभएको छ। त्यस्तै *लुम्विनी*का प्रधान सम्पादक कर्णवहादुर कार्की र प्रवन्ध निर्देशक एम.वी. विश्वकर्माले पनि आफ्नो छुट्टै व्यवसाय सञ्चालन गरिरहेको हुँदा पत्रिकालाई समय दिनुभएको छैन। तर उहाँहरू सवैको नाम हरेक दिन अखवारले छापिरहेको हुन्छ। यी सवै दृष्टान्तहरूले के देखाउँछ भने नामको आकर्षणले पनि पत्रकारितामा लगानी हुने गर्छ।

**(ख) साप्ताहिकः** यस क्षेत्रमा वुटवलवाट ३, भैरहवावाट १ र पाल्पावाट ३ ओटा साप्ताहिक अखवारहरूको प्रकाशन भइरहेको छ। यीमध्ये वुटवलको *वुटवल एक्सप्रेस* र पाल्पाको *नव जनचेतना* साप्ताहिक व्यक्तिगत लगानीमा सञ्चालित छन्। पाल्पाको *गाउँले देउराली* ग्रामीण विकास पाल्पा भन्ने गैरसरकारी संस्थाद्वारा प्रकाशित हुनेगर्छ। वाँकी अरू अखवारहरू सामूहिक लगानीमा नै प्रकाशित हुन्छन्। यी साप्ताहिक प्रकाशनवारेको केही विवरण तालिका २ मा देखाइएको छ।

*गाउँले देउराली* साप्ताहिक स्थापनाकालदेखि नै अफसेट प्रेसमा छापिएको हो। यसको आफ्नै अफसेट प्रेस छ जुन पाल्पा जिल्लाकै एकमात्र अफसेट प्रेस हो। यसको प्रकाशक रहेको 'ग्रामीण विकास पाल्पा' एक गैरसरकारी संस्था हो। यसलाई पत्रिका निकाल्नको लागि एसिया फाउण्डेसनवाट आर्थिक सहयोग प्राप्त भएको र त्यही सहयोगअन्तर्गत अफसेट प्रेस ल्याइएको हो। सुरुको दुई वर्षसम्म पत्रिका निकाल्न आवश्यक सवै कामका लागि एसिया फाउण्डेसनले सहयोग गऱ्यो। त्यसपछि वीचवीचमा यसले एमएस नेपालको आर्थिक सहयोग पनि प्राप्त गरेको थियो। हाल भने आफ्नै खर्चले जेनतेन चलिरहेको छ।

*गाउँले देउराली* वाहेक कुनै पनि साप्ताहिक अखवारको आफ्नो प्रेस छैन। भरखरै सुरु भएको *पाल्पा सन्देश* साप्ताहिकको त आफ्नो कम्प्युटर समेत छैन। साप्ताहिक अखवार सञ्चालन गर्न कम लगानी नै भए पनि हुने भएकाले पत्रकारितामा रुचि हुनेले नै यस्ता अखवारहरू सञ्चालन गरेका छन्। ठूला व्यापारी र उद्योगपतिहरूको यसमा आकर्षण छैन। दैनिक अखवारहरू प्रशस्तै भएकाले साप्ताहिक अखवारहरूलाई प्रतिस्पर्धा गर्न धेरै गाह्रो छ। त्यसैले यस क्षेत्रमा साप्ताहिक अखवारको उदय र अस्तको खेल सामान्य वनेको छ।

तालिका २: साप्ताहिक पत्रिका

| क्र. सं. | प्रकाशनको नाम | प्रकाशक | सम्पादक | सुरु भएको साल | जम्मा लगानी (रूपैयाँमा) | हिस्सेदार सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | गाउँले देउराली, पाल्पा | ग्रामीण विकास पाल्पा | विनयकुमार कसजू | २०५० | १५ लाख | - |
| २. | नव जनचेतना, पाल्पा | जगदीश भट्टराई | जगदीश भट्टराई | २०५२ | ८ लाख | १ |
| ३. | पाल्पा सन्देश, पाल्पा | जीवनप्रकाश नेपाल | जीवनप्रकाश नेपाल | २०५८ | ५० हजार | ६ |
| ४. | सम्वाद, भैरहवा | कृष्णराज पाण्डे | कृष्णराज पाण्डे | २०४७ | २ लाख | १ |
| ५. | नयाँ राज्यसत्ता, वुटवल | मेनोको मिडिया प्रा.लि. | देववहादुर पाटा | -२०५६ | ३.५ लाख | १६ |
| ६. | वुटवल एक्सप्रेस, वुटवल | रामप्रसाद पाण्डेय | जनार्दन घिमिरे | २०५७ | १.५ लाख | १ |
| ७. | जनराज्य, वुटवल | नयाँसंसार प्रतिष्ठान | विनोद पहाडी | २०५८ | २.५ लाख | २५ |

*स्रोतः प्रकाशनगृहका सम्बद्ध व्यक्तिसँगको कुराकानी।*

*नयाँ राज्यसत्ता* साप्ताहिक १६ जना युवाहरूको सामूहिक प्रयास हो। यी सवै जना मगर जातिका हुन् र जनजातिको पक्षमा आवाज उठाउनु यस प्रकाशनको प्राथमिक उद्देश्य हो। यस हिसावले राष्ट्रिय जनमुक्ति पार्टीसँग यस अखवारको सामिप्यता झल्कन्छ।

**(ग) म्यागेजिनः** यस क्षेत्रमा वुटवलवाट *नयाँ राज्यसत्ता* द्वैमासिक म्यागेजिनको नियमित प्रकाशन भइरहेको छ। यस म्यागेजिन *नयाँ राज्यसत्ता* साप्ताहिकको सह-प्रकाशन हो। यसका लागि छुट्टै लगानी गरिएको छैन। मेनोको मिडिया प्रालि अन्तर्गत नै यसको प्रकाशन हुने गरेको छ।

**(आ) रेडियो**

हाल यस क्षेत्रमा *रेडियो लुम्विनी* र *रेडियो मदनपोखरा* गरी जम्मा दुईओटा रेडियो स्टेसनहरूले कार्यक्रम प्रसारण गरिरहेका छन्। काठमाडौंवाहिरको प्रथम स्टेसन *रेडियो लुम्विनी* वुटवल र भैरहवाको करिव मध्यभागमा आनन्दवन गाविसको मणिग्राममा अवस्थित छ। त्यस्तै, *रेडियो मदनपोखरा*को स्टेसन पाल्पाको मदनपोखरा गाविस - वडा नं ९ मा छ। यी दुई रेडियोका वारेमा केही विवरण तालिका ३ मा देखाइएको छ।

तालिका ३: रेडियो

| क्र. सं. | स्टेसनको नाम (फ्रिक्वेन्सी) | सञ्चालक | ट्रान्समिटर पावर (वाटमा) | सुरु भएको मिति | जम्मा लगानी (रूपैयाँमा) | दैनिक प्रसारण अवधि |
|---|---|---|---|---|---|---|
| १. | रेडियो लुम्बिनी (९६.८ मेगाहर्ज) | लुम्बिनी सहकारी संस्था लिमिटेड | २०० | २०५६/१०/२७ | २० लाख | १२ घण्टा |
| २. | रेडियो मदनपोखरा (१०६.८ मेगाहर्ज) | मदनपोखरा गाउँ विकास समिति | १०० | २०५७/१२/२३ | १५ लाख | ६ घण्टा |

*स्रोतः रेडियो स्टेशनका सम्बद्ध व्यक्तिसँगको कुराकानी।*

*रेडियो लुम्बिनी*को सञ्चालक रहेको लुम्बिनी सहकारी संस्था लिमिटेडमा प्रारम्भमा २५ जना सदस्य थिए। तर परीक्षण प्रसारण सुरु हुँदासम्म उक्त सङ्ख्या ८४ रहेको र हाल भने ९० पुगिसकेको छ। हरेक सदस्यले २०-२० हजार रूपैयाँ संस्थाका लागि लगानी गरेका छन्। यस समूहमा पेशा, धर्म, लिङ्ग, जाति, राजनीति, वर्ग इत्यादि हरेक हिसावले विविधता रहेको वताइन्छ। हालको २०० वाटको ट्रान्समिटरवाट प्रसारित कार्यक्रमहरू वुटवल र भैरहवाकै केही क्षेत्रमा राम्रोसँग नसुनिने भएकाले छिटै ५०० वाटको ट्रान्समिटर ल्याउने योजना यस संस्थाले वनाएको छ। यसका लागि आवश्यक प्रक्रिया अगाडि वढिसकेको र त्यसपछि दैनिक प्रसारण अवधि पनि १२ घण्टावाट १६ घण्टा पुऱ्याइने जानकारी स्टेसन म्यानेजर भरत भुसाल दिनुहुन्छ। *वीवीसी* र *भ्वाइस अफ अमेरिका*सँग सम्झौता भएअनुरूप यी संस्थाका विभिन्न कार्यक्रमलाई भविष्यमा प्रसारण गर्ने नीतिसमेत यस *रेडियो लुम्बिनी*को रहेको छ र यससम्वन्धी आवश्यक उपकरणको जडान कार्य सम्पन्न भइसकेको छ। हाल दुईओटा स्टुडियो भएको यस स्टेसनमा करीव ६ हजार जति गीतको सङ्ग्रह भएको वताइन्छ।

वुटवलमा २०५८ सालको आखिरीसम्ममा अर्को एफएम स्टेसनले आफ्नो प्रसारण आरम्भ गर्दैछ। सिद्धार्थ मिडिया प्रालिले सञ्चालन गर्ने यस *वुटवल एफएम* को स्टेसन वुटवल-१२, कालिकानगरमा रहने वताइन्छ। वुटवल क्षेत्रका ९ जना व्यापारी तथा उद्योग व्यवसायीहरूको विशेष सक्रियतामा यस व्यावसायिक एफएम स्थापना गर्न लागिएको हो। यसको सुरुको लागत रू. १ करोड रहेको छ। १००० वाटको ट्रान्समिटरवाट प्रसारण गर्न लागिएको यस *वुटवल एफएम*को सञ्चालक समितिको अध्यक्षमा रूपन्देही उद्योग सङ्घका निवर्तमान अध्यक्ष महेन्द्रनारायण श्रेष्ठ हुनुहुन्छ।

पाल्पाको *मदनपोखरा एफएम* मदनपोखरा गाउँ विकास समिति (गाविस)ले नै सञ्चालन गरेको सामुदायिक रेडियो हो। यस रेडियोमा स्टेसन स्थापनार्थ आवश्यक खर्च युनेस्को (UNESCO) ले सहयोग स्वरूप प्रदान गरेको हो। रेडियो स्टेसन सञ्चालनका लागि गाविस अध्यक्ष यामप्रसाद पाण्डेको अध्यक्षतामा गठित १७ जनाको सञ्चालक समिति क्रियाशील छ। लगानीकर्ता कोही नरहेको र आय स्रोत पनि खासै केही नभएकाले रेडियो धान्न कठिन नै रहेको अध्यक्ष यामप्रसाद पाण्डे वताउनुहुन्छ।

*रेडियो मदनपोखरा*को आजीवन सदस्य वापत रू. एकहजार, संस्थागत सदस्य वापत रू. पाँच सय र साधारण सदस्य वापत रू. एकसय लिने गरिएको छ। यस वाहेकको आयस्रोत स्टुडियो अवलोकन गर्न आउनेहरूको चन्दा हो। व्यापारिक विज्ञापन नवजाउने नीति भएकाले विज्ञापनवाट आउने आय निकै थोरै हुन्छ। रेडियो सञ्चालनका लागि आवश्यक खर्च जुटाउन २०५८ चैत्रमा श्रीमद्भागवत पुराणको आयोजना गरिएको छ (नेपाल समाचारपत्र २०५८)।

## ३. मिडियाको विषयवस्तु

**(क) छापा माध्यम:** यहाँको अखवारको विषयवस्तुको सन्दर्भमा राजनीति नै प्रमुख रूपमा अगाडि आउँछ। कुनै दल विशेषप्रति अखवारको झुकावको प्रभाव समाचार सम्प्रेषणमा प्रत्यक्ष वा परोक्ष रूपले परेकै हुन्छ। फलानो पत्रिका फलानो पार्टीको भन्ने छाप यहाँको पाठकमा राम्रैसँग वसिसकेको छ।

स्थानीय दैनिकहरूमा *मेचीकाली सन्देश* विचारसहितको व्यावसायिक पत्रकारिता गर्ने उद्देश्य वोकेको पत्रिका हो। लगानीकर्ताहरू राजनीतिक पार्टीका क्रियाशील सदस्य भएकाले उक्त विचारमा राजनीति पर्नु अस्वाभाविक होइन। *लुम्विनी*को लगानीकर्ताहरूवीच वामपन्थी विचारधारालाई पत्रकारिताको माध्यमले अगाडि वढाउने सम्झौता भएको छ। *नयाँ दिशा*ले नेकपा मसालको पक्ष लिन्छ भने *श्री देउराली*ले काङ्ग्रेसको। त्यस्तै गरी साप्ताहिक अखवारहरूमा पनि भिन्न अवस्था छैन। *नयाँ राज्यसत्ता* राष्ट्रिय जनमुक्ति पार्टीको नजिक छ भने *जनराज्य* नेकपा माओवादीको नजिक छ। पाल्पाको *गाउँले देउराली*ले भने राजनीतिक सरोकार नराखी विकास पत्रकारिताको क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ।

सवैजसो अखवारहरूमा छापिने विचार लेखहरूमा राजनीतिक विषयले प्राथमिकता पाएको हुन्छ र आफ्नै राजनीतिक विचारसँग मिल्दा वैचारिक लेखहरूलाई नै प्रकाशित गरिन्छ। उदाहरणका लागि दिल साहनीको प्रसङ्ग सान्दर्भिक हुन्छ। उहाँका लेखहरू वामपन्थी विचारधाराले भिजेका हुन्छन्। उहाँका यस्ता लेखहरू वाम झुकाव राख्ने अखवारमा प्रशस्तै छापिए तर काङ्ग्रेस निकटको *श्री देउराली*मा अहिलेसम्म एउटै छापिएको छैन। लेख छपाउनका लागि न त उहाँले उक्त पत्रिकालाई सम्पर्क गर्नुभयो न उक्त पत्रिकाले नै उहाँसँग लेखका लागि अनुरोध गर्‍यो।[१]

समाचारको हकमा यी अखवारहरूमा स्थानीय समाचारहरू नै प्रचूर मात्रामा छन्। तर राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचारलाई पनि निकै नै महत्त्व दिएको देखिन्छ। औपचारिक कार्यक्रम, दुर्घटना र अपराधका घटना नै यहाँका अखवारका प्रमुख समाचार हुन्। अपराधमा पनि यौनजन्य अपराधलाई टाढाटाढाको भएपनि विशेष प्राथमिकताका साथ प्रस्तुत गर्ने चलन सवैजसो अखवारमा छ। उदाहरणका लागि असोज २६ गते भक्तपुर वोडेको एक अपाङ्ग वालिका वलात्कृत भएको घटनालाई लिन सकिन्छ। यस घटनालाई यहाँका सवैजसो अखवारले पहिलो पृष्ठमा (अझ कुनैले त

---

१ दिल साहनीसँगको कुराकानीवाद।

वक्समा राखेर) प्राथमिकताका साथ छापे। तर यसलाई राजधानीका दैनिकहरूले भित्री पेजमा छापेका थिए। यस्ता किसिमका घटनालाई सुरुमा समाचारका रूपमा छापे पनि पछि दोषीलाई गरिएको कार्वाही, पीडित पक्षको अवस्था इत्यादिको बारेमा अनुगमन गरिएको भने पाइँदैन। माथि उल्लिखित औपचारिक कार्यक्रम, दुर्घटना र अपराधका समाचारबाहेक रिपोर्टरले आफ्नै सक्रियतामा खोजेर तयार पारेका समाचार सामग्री पनि यहाँको अखबारमा भेटिन्छ तर सापेक्षित रूपमा तिनको सङ्ख्या निकै कम छ। अखबारमा प्रकाशित समाचारको स्रोत राष्ट्रिय समाचार समिति (रासस) र प्रकाशनका आफ्नै रिपोर्टरहरू नै हुन्। राससबाट लिइएका समाचार त प्रायः अखबारमा समान रूपले प्रस्तुत हुन्छन् नै। अन्य औपचारिक कार्यक्रमको समाचारको प्रस्तुतिकरणमा पनि खासै भिन्नता नहुनाले कहिलेकाहीं उस्तै देखिन्छन् सबै दैनिक अखबारहरू।

अफसेट प्रविधिको प्रवेशपछि यहाँ बिस्तारै फोटो र कार्टुनको प्रयोग हुनथालेको हो। अचेल फोटो र कार्टुनको प्रयोग गर्ने क्रममा बिस्तारै वृद्धि हुँदैछ। समाचारसँग सम्बन्धित व्यक्ति, औपचारिक कार्यक्रम र दुर्घटनाका फोटोहरू नै यहाँका अखबारले छाप्ने गरेका छन्। *लुम्बिनी* दैनिकले दोस्रो पृष्ठमा 'तस्विरको भाषा' भन्ने नियमित स्तम्भ अन्तर्गत हरेक दिन एउटा फोटो छापेको हुन्छ। अरू अखबारमा फोटो कमै छापिन्छन्। साँस्कृतिक र प्राकृतिक महत्त्व बोकेका फोटोहरू आकलझुकल देखिने गरे तापनि सामाजिक हिसाबले महत्त्वपूर्ण फोटोहरू देखिँदैनन्। यहाँका सम्पादकहरूमा फोटोको अभिव्यक्ति बुझ्ने चेत छैन। फोटो पत्रकारितालाई पत्रकारिताको रूपमा मान्ने परम्पराको विकास हुन अझै बाँकी छ। कतिपय अवस्थामा फोटो स्क्यानिङ्ग गर्ने व्यक्तिको दक्षता र प्रवधिको कमीले गर्दा कालो र सेतो रङ्गको संयोजन राम्ररी मिलेको हुँदैन। त्यसैले फोटो नराम्रो देखिन्छ। अर्को कुरा फोटोसँगै पत्रकारको नाम राखिदिन पनि कञ्जुस्याइँ गर्छन् सम्पादकहरू।[२]

कार्टुनको प्रयोग त अझ कम हुने गरेको छ यहाँको पत्रकारितामा। कार्टुन बनाउन सक्ने सिपालु र दक्ष कलाकारको अभाव नै छ। त्यसैले कार्टुन अखबारमा नियमित हुन सकेको छैन। जे जति आएका छन् ती कामचलाउ खालका छन्। कार्टुनहरू राजनीतिक विकृतितर्फ मात्रै केन्द्रित छन्। जेलाई कार्टुनमा उतार्न खोजिएको हो त्यसलाई चिनाउन पनि शब्दकै प्रयोग आवश्यक हुन्छ। हाल आइरहेका कार्टुनमा स्तरीयताको अभाव देखिन्छ। त्यसो त सम्पादकहरू पनि कार्टुनलाई दोस्रो प्राथमिकतामा राख्छन्। समाचार राखेर बचेको ठाउँमा कार्टुनलाई राखिन्छ। त्यसैले कार्टुनमा नियमितता पनि छैन र कार्टुन छापिने स्थान पनि निश्चित छैन। उचित पारिश्रमिक नपाइनाले कार्टुनप्रति कार्टुनिस्टकै पनि आकर्षण छैन।[३]

वैचारिक लेखहरूमा राजनीतिबाहेक महिला, उद्योग, वातावरण, खेलकुद आदि क्षेत्रका लेखहरू पनि प्रशस्तै पढ्न पाइन्छ। शिक्षा, विज्ञान, स्वास्थ्य, पर्यटनका विषयमा पनि लेखहरू झुल्किन्छन् नै। विचार लेखमा प्रस्तुत हुने यी सबै विषयमा राष्ट्रिय

---

२ फोटोपत्रकार हरिश ढकालसँगको कुराकानीबाट।

३ कार्टुनिस्ट स्वयबंर हाङ्गसँगको कुराकानीबाट।

स्तरका सवाललाई नै उठाइएको हुन्छ। स्थानीय विषयमा लेखहरू कमै आउँछन्। राष्ट्रिय रूपमा चर्चामा आएका विषयमा नै यहाँको अखवारहरूको सम्पादकीय केन्द्रित हुन्छन्। स्थानीय विषय यहाँका अखवारको सम्पादकीयमा पर्दै नपरेका भने होइनन् तर ती सापेक्ष रूपमा थोरै छन्। यहाँका अखवारमा अन्तर्वार्ता खास गरी राजनीतिमा लाग्नेहरूकै छापिन्छ। त्यसपछि ठूला उद्योगपतिहरूको अन्तर्वार्ता छापिन्छ। कृषि क्षेत्रका विज्ञहरू, सफल किसानहरू, सफल कालीगढहरूको अन्तर्वार्ता नछापिने र उद्योगी तथा व्यापारीका अन्तर्वार्ता छापिनुले विज्ञापनको सम्वन्धतर्फ अड्कल काट्न सकिन्छ।

दलित, जनजातिका विषयमा विचार लेखहरू त्यति आउन सकेका छैनन्। रूपन्देही, कपिलवस्तु, नवलपरासी मधेसीहरूको वाहुल्यता भएको क्षेत्र हो तर यहाँका अखवारमा मधेसी समुदायसम्वन्धी विषयलाई विचार लेखमा स्थान दिएको भेटिँदैन। साप्ताहिक *नयाँ राज्यसत्ता*ले जनजातिका विषयमा प्रशस्तै लेखहरू छापेको छ। जनजातिका भाषा, धर्म, संस्कृति, रहनसहन, लगायत उनीहरू माथिको शोषणका वारेमा द्वैमासिक *नयाँ राज्यसत्ता*ले पनि प्रशस्तै कसरत गरेको छ। दलितका उत्पीडनका विषयमा पनि *नयाँ राज्यसत्ता* (साप्ताहिक र द्वैमासिक दुवै) ले विचार लेखहरू प्रस्तुत गरी नै रहेका छन्। पाल्पाको *गाउँले देउराली* साप्ताहिकले स्थानीय ग्रामीण वस्तीका कुनाकाप्चामा रहेका विषयहरूलाई समाचारको रूपमा प्रस्तुत गर्छ। यस्ता समाचारहरू तिनै ग्रामीण वस्तीका व्यक्तिहरूले नै पठाउने गर्छन्। उनीहरूलाई ग्रामीण विकास पाल्पाले गाउँले पत्रकारिता तालिम दिएको छ। सरल भाषामा लेखिएका यी समाचारहरू साक्षर मात्र भएकाले पनि पढ्न र वुभ्न सक्छन्। खेतीपाती, पशुपालन जस्ता व्यवसायका वारेमा, वाटोघाटो निर्माण, धारा निर्माण, सरसफाइ जस्ता विकासका वारेमा, समिति गठन, तालिम, सभा जस्ता कार्यक्रमका समाचार *गाउँले देउराली*मा पढ्न पाइन्छ (वन्त सन् १९९७)।

यहाँका सवै अखवारले साहित्यलाई अभिन्न अङ्ग जस्तै वनाएका छन्। केही दैनिक अखवारले शनिवारको अङ्कमा साहित्यसम्वन्धी विशेष पृष्ठ नै छुट्ट्याएका छन्। यसमा कविता, गीत, गजल, कथा, लघुकथालगायत धारावाहिक रूपमा उपन्यास र नाटक पनि प्रकाशित हुन्छन्। यहाँका साप्ताहिकले पनि प्रायजसो अङ्कहरूमा कविता, लघुकथालाई स्थान दिएको पाइन्छ। मनोरञ्जन र कलाअन्तर्गत चलचित्र, गीति क्यासेट, इत्यादिका विषयसँग सम्वन्धित सामग्रीले पनि यहाँका अखवारमा स्थान पाएकै छन्। दैनिक अखवारहरूले दैनिक राशिफल र आवश्यक जरूरी फोन नम्वर (प्रहरी, अस्पताल, एम्वुलेन्स आदिको) प्रकाशित गर्छन्। तर यसमा नियमितता भने छैन। सम्पादकलाई पाठकले पठाएका चिठीहरू पनि यदाकदा प्रकाशित हुने गरेका पाइन्छन्।

यी सवै अखवारमा प्रयुक्त भाषालाई स्तरीय मान्न सकिँदैन। न्यूनतम शुद्धता पनि यी अखवारले कायम गर्न सकेका छैनन्। प्रुफसम्वन्धी गल्ती र व्याकरणका अशुद्धिहरूले पाठकलाई हैरान नै वनाउँछ। अधिकांश पत्रकारहरूमा न वर्णविन्यासको

ज्ञान छ न शव्दको हिज्जे नै शुद्धसँग लेख्छन्। यस्तो स्थितिमा पनि व्याकरणसम्वन्धी सम्पादकीय चेत भएका सम्पादक राख्ने आवश्यकता देख्दैनन् प्रकाशकहरू।[४]

(ख) रेडियोः रेडियोका सन्दर्भमा भने राजनीतिक सवाल प्रमुख विषय वनेको छैन। मनोरञ्जन एवं शिक्षा र सूचना दिने खालका कार्यक्रम नै यस क्षेत्रका एफएम रेडियोले प्रसारण गरिरहेका छन्। *रेडियो लुम्विनी*मा शिक्षा र सूचनामूलक कार्यक्रम ३५% भएको र वाँकी सवै मनोरञ्जनात्मक कार्यक्रम रहेका छन्। तर दुवैथरी कार्यक्रम वरावर वनाउने प्रयास गरिएको वुझिन्छ। *रेडियो लुम्विनी*मा सवैजसो कार्यक्रमहरू नेपाली भाषाकै छन्। गीत पनि नेपाली भाषाकै अधिक वज्ने गर्छ। भोजपुरी गीतको कार्यक्रम 'अपन मनके गीत' लाई स्थानीय अवधी भाषामा प्रस्तुत गरिन्छ। अवधी भाषाकै अर्को कार्यक्रम 'गपोलीवावुके गप' पनि प्रसारण हुन्छ। हिन्दी गीत यस एफएम स्टुडियोवाट अहिलेसम्म वजेको छैन। २०५८ साल भित्रैमा प्रसारण आरम्भ हुन लागेको *वुटवल एफएम*ले हिन्दी गीत वजाउने भएकाले *रेडियो लुम्विनी*ले पनि राम्रा तर छाडा र उत्ताउला नमानिएका हिन्दी गीत वजाउने सोच वनाउँदैछ। हाल काठमाडौंको *रेडियो सगरमाथा*वाट विहान प्रसारण हुने 'पत्रपत्रिकाको सँगालो' कार्यक्रमलाई यस *रेडियो लुम्विनी*ले रिले गरेर प्रसारण गर्छ। वुटवल क्षेत्रका दैनिक अखवारका मुख्य खवरहरूको कार्यक्रम पनि विहान प्रसारण हुने गरेको छ। यस वाहेक विहान, दिउँसो र साँझ गरी दैनिक तीनपटक 'हालखवर' भन्ने समाचारसम्वन्धी कार्यक्रम *रेडियो लुम्विनी* आफैंले तयार गरी प्रसारण गर्छ। *वीवीसी*को समाचार र *भ्वाइस अफ अमेरिका*को विज्ञान तथा प्रविधिको कार्यक्रम प्रसारण गर्ने योजना भए पनि सञ्चार मन्त्रालयवाट स्वीकृति पाइनसकेकाले उक्त कार्यक्रम प्रसारित हुन सकेका छैनन्। प्रसारणको आरम्भ धार्मिक कार्यक्रमवाट हुन्छ। शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, स्थानीय विकास, खेलकुद, कला, राजनीति आदि विविध विषयमा आधारित कुराकानीका कार्यक्रमहरू यस *रेडियो लुम्विनी*वाट प्रसारित भएका छन्। वालवालिका र महिलाका लागि विशेष कार्यक्रमहरू पनि यस रेडियोवाट सुन्न सकिन्छ। यीवाहेक वुटवल नगरपालिकाले र रूपन्देही जिल्ला विकास समितिले तयार पार्ने स्थानीय विकासका गतिविधिसम्वन्धी कार्यक्रम *रेडियो लुम्विनी*मा प्रसारण हुन्छ।

*रेडियो मदनपोखरा*का सम्पूर्ण कार्यक्रमहरू नेपाली भाषाकै रहेका छन्। यस रेडियोमा शिक्षा र सूचनासम्वन्धी ४०% कार्यक्रम छ भने वाँकी ६०% कार्यक्रम मनोरञ्जनले ओगटेको छ। पाल्पा जिल्ला र सेरोफेरोमा प्रचलित भजन, चुड्का, मारूनी नाचका गीत आदि यो रेडियोका विशेषता हुन्। त्यस्तै कृषि, शिक्षा, सरसफाइ, ग्रामीण विकास जस्ता कार्यक्रमहरू यस रेडियो मार्फत वज्छन्। प्रसारण अवधि दैनिक जम्मा ६ घण्टा भएकाले थोरै विषयले नै प्रसारण हुने अवसर पाएका छन्। तैपनि साहित्य, कला, वालवालिका, पाकापुस्ता, दलित, खेलकुद आदिलाई समेटिएका कार्यक्रमहरू *रेडियो मदनपोखरा*मा सुन्न पाइन्छ। पोखरा, काठमाडौं र हेटौंडाका

---

४ जङ्गवहादुर शाहसँगको कुराकानीमा आधारित।

एफएमवाट उत्पादित कार्यक्रम 'आलोपालो' पनि यस रेडियोमा वज्दछ। साँझ र विहान दुवै समयमा पत्रपत्रिकाका मुख्य समाचार र सम्पादकीय टीप्पणीको कार्यक्रम छ भने समाचारसम्वन्धी यस रेडियोको आफ्नै कार्यक्रम 'हालखवर' छ। ग्रामीण वस्तीका खेत, खलियान, मेलापातमा गई कृषकको आवाज ल्याएर रेडियो मार्फत प्रस्तुत गरिने कार्यक्रम 'माढीको पाहुर'ले थुप्रै स्रोताको मन जितेको छ।

## ४. मिडियाको प्रभावक्षेत्र

वुटवलवाट प्रकाशित अखवारको प्रमुख वजार स्वाभाविक रूपमा वुटवल नगर हुने नै भयो। वुटवल नगर वाहिरका ग्रामीण भेगमा पनि यी पत्रिकाका प्रशस्तै ग्राहकहरू छन्। विगतमा दैनिक पत्रिका निस्कने गरे तापनि हाल भैरहवामा एउटै दैनिक प्रकाशित हुँदैन। साप्ताहिक *सम्वाद* मात्रै प्रकाशित हुने भएकाले वुटवलका अखवारले नै यहाँको वजारमा पकड जमाएका छन्। प्रकाशनगृहले नियमित ग्राहकहरू वनाएका छन् र तिनै ग्राहकका घरघरमा हकरले सवेरै अखवार पुऱ्याउने गर्छ। पत्रिकापसलवाट ज्यादै कम पत्रिका विक्री हुन्छ। पाल्पा, नवलपरासी, गुल्मी, अर्घाखाँची र कपिलवस्तु जिल्लामा पनि वुटवलका पत्रिकाको राम्रो पहुँच रहेको छ। दाङ, नेपालगञ्ज र नारायणगढमा पनि यहाँका पत्रिकाले केही नियमित ग्राहकहरू पाएका छन्। यसका अतिरिक्त पत्रिकाको विशेषताअनुसार अन्य विभिन्न स्थानहरूमा यहाँका पत्रिकाको प्रभाव र पहुँच वलियो रहेको पाइन्छ। जस्तो कि नेपाल कम्युनिस्ट पार्टी मसालसँग निकट मानिएको दैनिक *नयाँ दिशा*को वाग्लुङ, प्युठान जस्ता मसालको प्रभाव वढी भएका जिल्लामा राम्रै पकड छ। त्यसै गरी जनजातिको पक्षधर मानिएको *नयाँ राज्यसत्ता* (साप्ताहिक र द्वैमासिक) का ग्राहकहरू जनजातिको वाहुल्यता र जनजाति आन्दोलनमा सक्रिय भएका स्थानहरू जस्तै रोल्पा, रूकुम, पोखरा, धरान, काठमाडौंमा पनि उल्लेख्य छन्। यस साप्ताहिक र द्वैमासिकका ग्राहकहरू भारत, जापान, हङकङ, कोरिया, सिङ्गापुर, व्रुनाई, दुवई आदि देशमा कार्यरत नेपाली जनजातिहरू भएको हुँदा ती देशमा यी साप्ताहिक र द्वैमासिक पुग्छन्। भारतमा पत्रिका पठाउँदा पहिला १० पैसाको टिकटले पुग्थ्यो। तर हाल सो रकममा एक्कासी वृद्धि गरी दूरी अनुसार रू. ८ देखि रू. १२ पुऱ्याइएकाले भारतमा जाने पत्रिका सवैमा कटौती भएको छ। साप्ताहिक *जनराज्य*का ग्राहकहरू हाल पनि पञ्जाव र दिल्लीमा रहेकाले उक्त पत्रिका सुनौलीवाट सो ठाउँहरूमा वसमार्फत पुग्ने गरेको छ।

पाल्पाका अखवारहरू पाल्पावाहेक वुटवल, भैरहवा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, नवलपरासी र स्याङ्जासम्म पुग्ने गरेका वताइन्छ। पाल्पाको *गाउँले देउराली*का ग्राहकहरू अधिराज्यका ५२ जिल्लामा र विदेशमा दुवई, हङकङ, व्रुनाई, जापानमा समेत छन्।

रेडियोको हकमा *रेडियो लुम्विनी*को प्रमुख लक्षित क्षेत्रहरू वुटवल, भैरहवा र सेरोफेरोका ग्रामीण वस्तीहरू हुन्। यस रेडियो स्टेसन भैरहवा र वुटवलको झण्डै मध्यभागमा अवस्थित छ। यद्यपि यी दुई सहरकै केही स्थानहरूमा राम्ररी सुन्न नसकिएको गुनासो स्रोताहरूको छ। अनौठो के छ भने भैरहवाभन्दा टाढा पर्ने मर्चवार

क्षेत्रमा यो रेडियो राम्ररी नै सुन्न सकिन्छ। हालको स्थितिमा रूपन्देही, कपिलवस्तु र नवलपरासी नै मुख्यरूपमा प्रभावित जिल्ला हुन्। यसवाहेक पाल्पा, अर्घाखाँची तथा गुल्मी जिल्लाको दक्षिणी भेगमा समेत *रेडियो लुम्बिनी* सुन्न सकिने वताइन्छ। साथै नयाँ ट्रान्समिटर राखिएपछि यस रेडियोको श्रव्यक्षमताको स्तरमा वृद्धि भई यसका प्रभावक्षेत्र पनि स्वतः वढ्ने विश्वास लिइएको छ।

पाल्पाको *मदनपोखरा* एफएमको मुख्य प्रभावक्षेत्र मदनपोखरा गाविस लगायत आसपासका अन्य गाविस र तानसेन नगरपालिका हुन्। पाल्पाको ३३ गाविसमा यो रेडियो सुन्न सकिन्छ। यसवाहेक स्याङ्जा, अर्घाखाँची र गुल्मीका केही भागमा सुन्न सकिने वताइन्छ। पहाडी जिल्ला हुनुका साथै ट्रान्समिटरको क्षमता कम भएकाले मदनपोखरा गाविसकै ३ र ४ नं वडामा यसको प्रभाव छैन। विभिन्न आकाशे च्यानल तथा विविध सञ्चार माध्यमका सामीप्यताले गर्दा दुवै रेडियोका स्रोताहरू सहरी इलाकामा उति धेरै छैनन् तर ग्रामीण भेगमा भने दुवै रेडियो लोकप्रिय वनेका छन्।

## ५. जनशक्ति

यस क्षेत्रमा मिडियाको विकाससँगसँगै यसमा संलग्न व्यक्तिहरूको सङ्ख्यामा पनि क्रमशः वृद्धि हुँदैछ। रूपन्देहीमा मिडिया क्षेत्रमा प्रत्यक्ष सरोकार राख्ने सञ्चारकर्मीको सङ्ख्याले १०० नाघिसकेको छ। व्यवस्थापन पक्षका कर्मचारी समेतलाई समावेश गर्दा यो सङ्ख्याले २०० नाघ्छ। प्रकाशनको प्रेस प्रविधि र कम्प्युटर प्रविधिका व्यक्तिहरू, हकर, वाहिर जिल्लाका प्रतिनिधि र सम्वाददाताहरू, रेडियोका कर्मचारीहरू इत्यादि सवै जोड्दा रूपन्देहीको मिडियामा करिव ४०० जना व्यक्तिहरूको संलग्नता देखिन्छ। अझ यसमा स्तम्भकार, लेखकहरूको सङ्ख्या समावेश छैन। पाल्पामा पनि सञ्चारकर्मीहरू करिव ५० को सङ्ख्यामा छन् व्यवस्थापन र अन्य क्षेत्रलाई पनि समेट्दा यहाँको मिडियामा संलग्न व्यक्तिहरूको सङ्ख्या १०० को हाराहारीमा पुग्छ।

यस क्षेत्रमा मिडियामा लाग्ने सवैजसो व्यक्तिहरू स्थानीय नै हुन्। यहाँ पनि सञ्चार क्षेत्रमा लगानी गर्ने र काम गर्नेहरूमा व्राह्मण जातिका पुरूषहरूको वाहुल्यता रहेको छ। त्यसपछि क्षेत्री र नेवारको सहभागिता धेरै छ। सामाजिक विकास तथा अनुसन्धान केन्द्रले २०५७ सालमा यहाँका केही प्रकाशनगृहमा गरेको अध्ययनमा महिला, दलित र जनजातिको सहभागिता न्यून देखिएको थियो (पराजुली र गौतम २०५८)। हाल पनि त्यसमा सुधार भएको पाइँदैन। मिडियामा लागेका व्यक्तिहरूको यो ठूलो समूहमा महिला, दलित, जनजाति, मधेसी इत्यादि पिछडिएका वर्गको सहभागिता कम हुनु नकारात्मक पक्ष नै हो। यसो हुँदाहुँदै पनि नेपाल पत्रकार महासङ्घ रूपन्देही शाखाको सभापति विनोद पहाडी भने दलित जातिको हुनुहुन्छ। यो यहाँको मिडियाको उल्लेख्य पक्ष हो। त्यस्तै जनजातिका केही व्यक्तिहरू आफैं सक्रिय भई *नयाँ राज्यसत्ता* (साप्ताहिक र द्वैमासिक) अखवार प्रकाशित गरेका छन्। यस साप्ताहिकमा आशा गाहा नाम गरेकी महिला सह-सम्पादकको रूपमा कार्यरत हुनुहुन्छ। यी दुई तथ्यहरू पनि यहाँका मिडियाका सकारात्मक पक्षहरू हुन्।

यस भेगमा कार्यरत सञ्चारकर्मीहरूमध्ये पत्रकारिता विषयमा औपचारिक अध्ययन गरेका कोही पनि छैनन्। यससम्वन्धी लामो अवधिको तालिम हासिल गरेका पनि कोही छैनन्। छोटो समयको आधारभूत तालिम र अन्य विशेष तालिम प्राप्त गरेकाहरू भने प्रशस्तै छन्। पढाइको हकमा अधिकांश पत्रकारहरू स्नातकभन्दा कम नै छन्। त्यसैले अभ्यास र अनुभव नै यहाँका पत्रकारहरूको सीप विकासको मुख्य उपाय हो। स्वअध्ययनवाट पनि सीप र दक्षताको वृद्धि गर्न सकिने भए पनि यहाँका पत्रकारमा अध्ययन गर्ने वानी नै छैन।[५]

अखवारका लागि आवश्यक अधिकांश लेख, रचनाहरू स्थानीय पत्रकारहरूवाटै प्राप्त हुने गर्दछ। केही लेखहरू वाहिरका लेखकवाट पनि आउँछ। फोटो र कार्टुन पनि स्थानीय जनशक्तिवाट नै अखवारलाई उपलव्ध हुने गर्छ। खासगरी कार्टुन वनाउने दक्ष कार्टुनिस्टको यस क्षेत्रमा खाँचो नै रहेको छ।

रेडियोमा काम गर्नेहरू पनि सवै स्थानीय नै छन्। अधिकांश नयाँ मानिसलाई नै लिएर रेडियोसम्वन्धी आधारभूत तालिम दिइएको र पछि काममा संलग्न गराइएको हो। छापाको तुलनामा रेडियोमा महिलाको सहभागिता वढी नै छ।

मिडिया क्षेत्रमा कार्यरत सवैजसो व्यक्तिहरू न्यून पारिश्रमिकमा कार्यरत छन्। उनीहरूको मासिक तलव सरकारी स्केलभन्दा थोरै रहेको वताइन्छ।

## ६. रेडियो र छापा बीचको सम्बन्ध

रेडियो र छापा दुवै माध्यमहरू एक अर्कासँग कुनै न कुनै किसिमले सम्वन्धित छन्। यी माध्यमका लागि उपयोगकर्ता, पत्रकारहरू र विज्ञापन लगभग साझा नै हुन्छन्।

*रेडियो लुम्विनी*ले विहान सवैरै स्थानीय पत्रपत्रिकाका प्रमुख समाचारहरू प्रसारण गर्छ। रेडियोका समाचारसम्वधी आफ्नै कार्यक्रम 'हालखवर' दिनमा तीनपटक प्रसारण गर्छ। पत्रिका पढेर थाहा पाइने समाचार रेडियोमा पाइएपछि पत्रिकाका पाठकहरूको सङ्ख्या घट्नु पर्ने हो तर त्यस किसिमले पत्रपत्रिकाको विक्री वितरण नघटेको सवै प्रकाशनगृहको दावी छ। रेडियोमा प्रमुख समाचार मात्र पढिने हुँदा यसले स्रोतामा झन् सूचनाको भोक जगाउँछ र पाठकलाई पढ्ने रुचि वढ्छ। अर्कोतिर रेडियोमा सुनेको कुरालाई थप पुष्टि गर्न र अरूलाई देखाउन छापाकै मद्दत लिनुपर्ने भएकाले पनि छापातर्फका पाठक सङ्ख्या नघटेको हुनसक्छ। त्यसो त रेडियोमा समाचार निश्चित समयमा मात्र प्रसारण गरिने हुँदा स्रोताहरूले आफूले चाहेको समयमा समाचार सुन्न सक्दैनन् त्यसैले त्यस्ता मानिसलाई रेडियोभन्दा अखवारहरू नै वढी उपयोगी वनेका छन्। तर ग्रामीण भेगका गरीव र अशिक्षित समुदायमा भने रेडियो नै प्रभावकारी देखिन्छ। किनभने रेडियोमा अखवारमा जस्तो हरेक पटक लगानी गर्नु पनि पर्दैन र रेडियो सुन्नलाई साक्षर हुनु पनि पर्दैन।

रेडियोको आगमनले छापातर्फको विज्ञापन कटौती भएको धारणा यहाँ कसैले पनि लिएका छैनन्। *रेडियो मदनपोखरा*ले व्यापारिक प्रयोजनका विज्ञापन नै

---

५ *लुम्विनी* दैनिकका पूर्व सम्पादक चतुर्भुज आत्रेयसँगको कुराकानीवाट।

नवजाउने नीति लिएको छ। अन्य सेवामूलक व्यवसायका विज्ञापन पनि अति न्यून भएकाले केही असर देखिँदैन। *रेडियो लुम्बिनी*ले पनि अखवारको विज्ञापनलाई खासै असर पारेको छैन। एक त जति मिडिया धेरै भयो उति नै प्रतिस्पर्धा वढ्ने र विज्ञापन गर्ने प्रवृत्तिको समेत विकास हुन्छ भने अर्कोतिर रेडियोमा प्रसारित विज्ञापन र अखवारको विज्ञापनको आ–आफ्नो महत्त्व, विशेषता र प्रभाव हुन्छ।

हाल रेडियोमा काम गर्ने केही व्यक्तिहरू पहिले छापा माध्यममा सक्रिय थिए। केही त अझै पनि छापा र रेडियो दुवैमा काम गर्दैछन्। छापा र रेडियो दुवै ठाउँमा काम गर्दा ज्ञान र अनुभवको धरातल फराकिलो वन्न पुगेको छ। अहिले छापा छोडेर रेडियोमा लाग्नेले पनि छापाको पुरानो अनुभवलाई केही हदसम्म प्रयोग गर्न पाएका छन् भने छापामा रहेको उनीहरूको स्थान अरू नयाँले ओगटेका छन्, त्यसैले छापा माध्यममा रिक्तताको अनुभव पनि भएको छैन।

## ७. बुटवलमा पत्रकारिता फस्टाउनुको कारण

अखवारको सङ्ख्या र तिनको निरन्तरतालाई हेर्दा वुटवलको पत्रकारितालाई फस्टाएको नै भन्नुपर्ने हुन्छ। यस्तो हुनुको पछाडि निम्न कारणहरू हुन सक्छन्:

क) वुटवलको पुरानो नाम वटौली हो। चारैतर्फका मानिसहरू वटुलिएर आई वसोवास गरेको हुँदा यस नगरको नाम वटौली रहेको भन्ने भनाइ पनि यहाँ प्रचलित छ। हुन पनि पहाड र हिमाली भेगवाट प्रशस्तै मानिसहरू वसाइ सरेर यहाँ वसोवास गर्न आइपुगेका छन्। भारतीय र व्रिटिस सेनावाट अवकाश पाएका, भारतमा नै अन्य सेवामा काम गरेर फर्केका; मेघालय, वर्मा, सिलाङ, आसाम जस्ता स्थानवाट धपाइएका आदि सवैखाले नेपालीहरूको आश्रय थलो वन्न पुगेको छ वुटवल। यी व्यक्तिहरू थोरवहुत अध्ययन गरेका र वरपरका साथै देश देशान्तरका समाचारहरू प्रति चासो लिने खालका छन्। सूचनाको भोक भएका यी वुटवलवासीहरू यहाँका पत्रपत्रिकाका ग्राहक र पाठक हुन्।

ख) वुटवल यातायातको दृष्टिकोणले केन्द्र नै मानिन्छ। यस क्षेत्रवाट जुनसुकै समयमा अधिराज्यका जुनसुकै स्थानमा जानलाई सहजै यातायात सुविधा प्राप्त गर्न सकिन्छ। पूर्व–पश्चिमका रात्रिवसहरू राती २–३ वजे यहाँ आइपुग्छन्। यी वसमा पत्रिका पुऱ्याइदिएमा विहान छ वज्दा नवज्दै पाल्पा, गुल्मी, नवलपरासी, दाङ, सुर्खेत, नेपालगञ्ज, अर्घाखाँची र कपिलवस्तुमा पुग्न सक्छ। त्यसैले वुटवलवासीले र छिमेकी जिल्लावासीले एकै समयमा सवेरै पत्रिका प्राप्त गर्छन्।

ग) उद्योग धन्दा, कलकारखानाको हिसावले वुटवल अग्रस्थानमा नै छ। व्यापारको दृष्टिकोणले झन् यो पश्चिम नेपालको प्रमुख केन्द्र नै हो। यी उद्योग प्रतिष्ठान र व्यापारगृहहरू यहाँका मिडियाको लागि विज्ञापनका भर पर्दा स्रोत वनेका छन्।

घ) व्यक्तिगत सन्देशहरू जस्तै वधाइ, शुभकामना, समवेदना इत्यादि मिडियामार्फत व्यक्त गर्ने प्रवृत्ति पनि यहाँ प्रचूर नै छ। प्रायजसो वस्ती नयाँ भएको र यहाँका वासिन्दामा उक्त नयाँ समाजमा आफ्नो पहिचान पुगोस् भन्ने धारणा भएकाले

यस्ता व्यक्तिगत विज्ञापन धेरै आएको हुनुपर्छ। जे होस् यस्ता विज्ञापनले यहाँको मिडियालाई खास गरी छापा पत्रकारितालाई राम्रै आड दिएको कुरामा कुनै शङ्का छैन।

ङ) यहाँवाट प्रकाशित र प्रसारित सामग्रीमा स्थानीयपन भएकाले यी मिडिया लोकप्रिय छन्। छापाको हकमा काठमाडौंका अखवारहरू दिउँसो १२ वजे मात्र आइपुग्छन्। ग्राहकको घर पुग्दा साँझ परिसकेको हुन्छ। तर स्थानीय पत्रपत्रिका विहान झिसमिसेमै ग्राहकको घरमा पुगिसकेको हुन्छ।

च) वुटवल शैक्षिक र राजनैतिक हिसावले पनि यस क्षेत्रको केन्द्र वनेको छ। शिक्षाको केन्द्र भएकाले शिक्षित व्यक्तिहरूको साथ पाएको छ र ती व्यक्तिहरू यहाँको अखवारका लागि लेख रचनाका भरपर्दा स्रोत वनेका छन्। पञ्चायत कालमा पञ्चायतइतरको राजनीतिकर्मीलाई पत्रकार वनेर राजनीति गर्न केही हदसम्म सजिलो थियो। त्यसैले उनीहरूले पत्रकारितामा हात हाले। अहिलेसम्म पनि उनीहरू मध्येका केही व्यक्ति पत्रकारितामा नै लागिरहेका छन्। यसले गर्दा यहाँको पत्रकारिताले व्यापकता पायो।

छ) सुनौलीको वाटो भएर भारत जाने र सो वाटोवाट नेपाल फर्कने व्यक्तिहरूको हरेक दिन चहलपहल हुन्छ वुटवलमा। यसरी ओहोरदोहोर गर्ने व्यक्तिहरूले पनि अखवार किनेर पढ्ने हुनाले अखवारका ग्राहक धेरै वन्न पुगेका छन्। यस्तो अवस्था पोखरा जस्तो सहरमा छैन।

यसवाहेक यस क्षेत्रका अग्रज पत्रकारहरू खासगरी भैरहवावाट प्रकाशित *दैनिक निर्णय*का सम्पादक तथा प्रकाशक प्रतापकुमार भट्टचन लगायतका व्यक्तिहरूको योगदानलाई विर्सन सकिँदैन। *दैनिक निर्णय* भैरहवामा करिव ३० वर्ष चलेर हाल वन्द भएको छ। यसका सम्वाददाता, स्तम्भकार र सम्पादकहरू अहिले वुटवलमा स्थापित पत्रकारको रूपमा कार्यरत छन्।

## ८. विज्ञापनको बजार

मिडियाका सामग्रीहरूमध्ये अखवारको सन्दर्भमा परल मूल्यभन्दा कम मूल्यमा र रेडियो तथा टिभीको सन्दर्भमा निःशुल्क नै उपभोक्ता समक्ष आइपुग्छन्। यसका पछाडि मिडियामा आउने विज्ञापनको ठूलो भूमिका रहेको हुन्छ। त्यसैले मिडियाका लागि विज्ञापन प्राण नै हो। यस क्षेत्रमा पाल्पा र भैरहवामा विज्ञापनका स्रोतहरू र विज्ञापन गर्ने प्रवृत्ति दुवै कम देखिन्छ। वुटवलमा भने यी दुवै पक्षहरूको प्रचूरता रहेको छ। वुटवलमा पत्रकारिता फस्टाउनुका कारणमध्ये यो पनि एक हो।

वुटवल क्षेत्रमा प्रशस्तै उद्योगधन्दा र कलकारखानाहरू रहेका छन्। त्यसैगरी पश्चिम नेपालको व्यापारिक केन्द्र पनि हो यो क्षेत्र। यी उद्योग व्यवसायसँग सम्वन्धित उत्पादनको प्रचारप्रसार गर्नुका साथै व्यापार व्यवसायको प्रवर्द्धनका लागि विज्ञापन आवश्यक हुन्छ। स्थानीय सञ्चार माध्यमहरू सस्तो र प्रभावकारी भएको हुनाले विज्ञापनका लागि यिनको उपयोगमा वृद्धि हुँदै गइरहेको छ। त्यस्तै शिक्षा, यातायात, स्वास्थ्य, प्राविधिक ज्ञान, होटल जस्ता सेवामूलक व्यवसायसँग सम्वन्धित विज्ञापन यहाँका मिडियालाई प्राप्त छ। अर्कोतिर सरकारी निकाय, गैरसरकारी संस्था,

व्यापारिक प्रतिष्ठान र अन्य सङ्घ-संस्थाले पनि सार्वजनिक गर्नु पर्ने सूचनाहरूको प्रचारप्रसारका माध्यम यहाँका स्थानीय मिडियालाई नै वनाएका छन्। स्थानीय मिडियाको विज्ञापनको अर्को मुख्य स्रोतको रूपमा व्यक्तिगत सन्देश पर्दछ। सर्वसाधारण व्यक्तिहरूले आफन्तमा भएका जन्मदेखि मृत्युसम्म हुने विभिन्न घटनाका विषयमा आफ्ना सन्देशहरू मिडियाको माध्यमले सार्वजनिक रूपमा व्यक्त गर्ने परम्परा यस क्षेत्रको उल्लेख्य विशेषता हो। व्यक्तिगत तथा संस्थागत रूपमा भएका उपलव्धिहरूप्रति वधाइ र नयाँ कार्यको थालनीप्रति शुभकामना व्यक्त गर्ने चलन पनि छ। समवेदना, वधाइ, शुभकामना इत्यादिका रूपमा आउने यस्ता सन्देशहरूले स्थानीय मिडियालाई राम्रै सहयोग गरेका छन्।

यसवाहेक अनेक पर्व र उत्सवका अवसरमा विभिन्न औद्योगिक प्रतिष्ठान, व्यापारिक प्रतिष्ठान, सरकारी निकाय, गैरसरकारी सङ्घ-संस्था आदिले शुभकामना सन्देश व्यक्त गर्न यिनै स्थानीय मिडियाको उपयोग गर्छन्। दशैं, तिहार, नववर्ष र राजाको जन्मोत्सवका वखतमा शुभकामना विज्ञापनहरूको वाढी नै देखिन्छ। यस्ता विशेष पर्व र उत्सवका अतिरिक्त यहाँ आयोजना हुने उद्योग व्यापार प्रदर्शनी, वृहत खालका सम्मेलन, र अधिवेशनका साथै पत्रिकाको आफ्नै वार्षिकोत्सवमा केही दैनिकले विशेषाङ्क नै निकाल्ने गर्छन्। पृष्ठ सङ्ख्या धेरै हुने यस्ता विशेषाङ्कमा विज्ञापनको आयतन पनि निकै नै हुने भएकाले राम्रै आम्दानी गर्न सक्छन् पत्रिकाहरूले। २०५८ सालको आफ्नो वार्षिक उत्सवमा जनसङ्घर्षले दुई लाख पचास हजारको आम्दानी गरेको थियो। सोही वर्षको दशैं, तिहारमा साप्ताहिकले करिव २० हजारदेखि ५० हजार र दैनिकले करिव रू. ५० हजारदेखि रू. १ लाखसम्मको रकम शुभकामना विज्ञापनवापत प्राप्त गरेको जानकारी पाइयो। यसरी विशेष पर्वका वेलामा उठ्ने विज्ञापनले अरू वेलामा हुने घाटालाई समेत पूर्ति गर्न मद्दत पुग्छ।

यस क्षेत्रमा एउटै पनि विज्ञापन एजेन्सी कार्यरत छैन। विज्ञापनसम्वन्धी सम्पूर्ण कार्यहरू मिडियाको आफ्नैं प्रयासवाट सम्पन्न हुने गरेका छन्। विज्ञापन प्राप्त गर्नका लागि व्यक्तिगत चिनजान, सम्पर्क, राजनीतिक सम्वन्ध जस्ता कुराहरू जिम्मेवार हुन्छन्। सरकारी विज्ञापनका लागि कमिसनको समेत भूमिका रहेको वताइन्छ। तर मिडियाको प्रभावकारिता हेरी कुनमा विज्ञापन दिंदा उचित हुन्छ भनेर सोच्ने प्रवृत्तिको विस्तारै विकास हुँदैछ। विज्ञापनसम्वन्धी आफ्नो निश्चित दर सवै प्रकाशनसँग भए पनि कडा प्रतिस्पर्धाका कारण त्यसमा घटाघटको स्थिति पनि छ।

पहिलेपहिले विज्ञापन नसोधीकन नै छापिदिने र पछिमात्रै सम्वन्धित ठाउँमा गएर विल दिने चलन थियो। तर अहिले स्वीकृति लिएर नै विज्ञापन छाप्ने गरिन्छ। विज्ञापनका लागि करकाप गर्ने चलन भने अझै पनि छँदैछ। विशेष पर्वका अवसरमा मिडियाको जोसुकै कर्मचारीले शुभकामना विज्ञापन सङ्कलन गरेमा त्यसको २५% देखि ५०% रकम उसले नै पाउँछ। त्यसैले त्यतिवेला विज्ञापन खोज्नेहरूले उद्योगी र व्यापारीलाई हैरान नै वनाउँछन्।

जे भए पनि ५ वर्ष अगाडिसम्म विज्ञापन उठाउन निकै गाह्रो थियो। विज्ञापनदाताहरूमा हामीले विज्ञापन दिएर पत्रकार र पत्रिका उपर दया गर्दैछौं भन्ने

भावना हुन्थ्यो। तर अहिले त्यस्तो स्थिति छैन। प्रतिस्पर्धात्मक वजारको वृद्धिले गर्दा विज्ञापन गर्नु उनीहरूको पनि वाध्यता वनेको छ। पहिलेको तुलनामा व्यक्तिगत रूपमा शुभकामना, वधाइ, समवेदना जस्ता सन्देशलाई मिडियामार्फत व्यक्त गर्ने प्रवृत्ति पनि निकै वढेको छ। ५ वर्ष अगाडिको तुलनामा अहिले विज्ञापनको आयतनमा करिव २००% ले वृद्धि भएको छ।[६]

तालिका ४: मिडियाको मासिक आय-व्यय

| क्र. सं. | मिडियाको नाम | वितरण (प्रति अङ्क) | मासिक आय (विज्ञापन वापत) रू. | मासिक खर्च रू. |
|---|---|---|---|---|
| १. | लुम्विनी दैनिक | ५०००-६००० | १.५ लाख | १.५ लाख |
| २. | जनसङ्घर्ष दैनिक | १००००-१२००० | ५ लाख | ४.५ लाख |
| ३. | नयाँ दिशा दैनिक | ३०००-४००० | २५ हजार | २५ हजार |
| ४. | श्री देउराली दैनिक | ३०००-४००० | २५ हजार | २५ हजार |
| ५. | मेचीकाली सन्देश दैनिक | ६०००-७००० | ६० हजार | १ लाख २० हजार |
| ६. | नव जनचेतना साप्ताहिक | ३०००-३२०० | २० हजार | ४० हजार |
| ७. | गाउँले देउराली साप्ताहिक | १५०० | ५ हजार | ३० हजार |
| ८. | पाल्पा सन्देश साप्ताहिक | १५०० | ८ हजार | ८ हजार |
| ९. | सम्वाद साप्ताहिक | १४,००० | ५ हजार | १ लाख |
| १०. | नयाँ राज्यसत्ता साप्ताहिक | ५००० | २० हजार | २१ हजार |
| ११. | वुटवल एक्सप्रेस साप्ताहिक | १५००-२००० | १५ हजार | २० हजार |
| १२. | जनराज्य साप्ताहिक | १५००-२००० | १० हजार | १० हजार |
| १३. | रेडियो लुम्विनी | – | १ लाख २० हजार | १ लाख २० हजार |
| १४. | रेडियो मदनपोखरा | – | १० हजार | १५ हजार |

स्रोत: *सम्वन्धित मिडियाका सम्वद्ध व्यक्तिहरूसँगको कुराकानी।*

नोट: पाल्पा सन्देशमा काम गर्ने सवै कर्मचारीहरू विना पारिश्रमिक काम गर्ने हुँदा टाइप र छपाइ खर्च मात्रै खर्चका रूपमा आएको छ। रेडियो मदनपोखराका कर्मचारीहरू पनि काम गरेवापत खाजा खर्चका रूपमा ज्यादै न्यून रकम प्राप्त गर्छन्। केही प्रकाशनगृहले आफ्नो पत्रिकाको वितरण प्रति निकै वढाएर भन्ने गरेका छन्। सम्वाद साप्ताहिकको वितरण र मासिक खर्च अत्यन्तै अस्वभाविक र अतिरञ्जित छ।

तर यस किसिमको अनुभव सवैले गर्न भने पाएका छैनन्। *नयाँ राज्यसत्ता* साप्ताहिक र द्वैमासिक दुवैलाई सरकारी र अन्य उद्योग व्यापार क्षेत्रका विज्ञापन प्राप्त छैन। यो जनजातिको पक्षधर र यसका ग्राहक पनि जनजातिमै सीमित भएकाले

६ दैनिक *जनसङ्घर्ष*का प्रवन्धसञ्चालक अजयमान श्रेष्ठसँगको कुराकानीवाट।

यस्तो भएको हो। जनजातिकै व्यक्तिहरूले सञ्चालन गरेको उद्योग, व्यापार वा सेवामुखी व्यवसायको विज्ञापन नै यसमा प्रकाशित हुन्छ। *रेडियो मदनपोखरा*ले व्यापार र उद्योगका विज्ञापन नवजाउने नीति वनाएको छ। सेवामुखी व्यवसायका एकाध विज्ञापन यसवाट प्रसारित हुन्छन्। नत्र यसमा विज्ञापनवाट खासै आय छैन। *गाउँले देउराली*मा पनि विज्ञापन देखिँदैन। यसका सम्पादक मेघराज शर्माका अनुसार विज्ञापनका लागि हात जोर्न नगएकाले यस्तो भएको हो।

प्रकाशन र रेडियोमा विज्ञापन वापत उठ्ने औसत मासिक खर्च तालिका ४ मा प्रस्तुत गरिएको छ। वुटवल र भैरहवावाट करिव ५० लाख रूपैयाँको विज्ञापन काठमाडौंको मिडियामा पुगेको अनुमान नेपाल पत्रकार महासङ्घ रूपन्देहीका सभापति विनोद पहाडीको छ। यसका अतिरिक्त लियो क्लव, लायन्स क्लव, रेयुकाई, उद्योग वाणिज्य सङ्घ, नगरपालिका, जिविस जस्ता स्थानीय सङ्घ-संस्थाहरूले पनि नियमित रूपमा वुलेटिन प्रकाशन गर्ने गरेका छन्। यी वुलेटिनमा पनि केही विज्ञापन छापिएका पाइन्छन्।

राजधानीवाट प्रकाशित हुने अखवार, *रेडियो नेपाल* र *नेपाल टेलिभिजन*मा पनि यस क्षेत्रवाट विज्ञापन जाने गरेको छ। *रेडियो नेपाल* र *नेपाल टेलिभिजन*मा अखवारको तुलनामा थोरै विज्ञापन जान्छ। गतवर्ष तानसेनवाट करिव १ लाख रूपैयाँको विज्ञापन *नेपाल समाचारपत्र*ले पाएको थियो। त्यसैको आधारमा गतवर्ष यहाँवाट करिव ५ लाखको विज्ञापन काठमाडौंको मिडियाले लगेको र अखवारको सङ्ख्या वढेकाले सो रकम यस वर्ष स्वतः वढ्ने अड्कल काट्न सकिन्छ।[७]

## ९. मिडिया र सुशासन

राज्यका अन्य तीन अङ्गका कामहरूको सूचना जनतासमक्ष पुऱ्याउने र नराम्रा काम तथा अनियमितताको भेद खोलेर विरोध गर्ने भएकाले पूरक अङ्गका रूपमा मिडियालाई चौथो अङ्ग भन्ने गरिएको हो। स्थानीय तहमा पनि स्थानीय सरकार गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति लगायतका अन्य सरकारी निकायको शासनलाई पारदर्शी औचित्यमा आधारित, भ्रष्टाचारमुक्त र जनताप्रति उत्तरदायी वनाउन मिडियाको ठूलै भूमिका रहन्छ। रूपन्देही र पाल्पाको पत्रकारिताले यस किसिमको अहं भूमिका निर्वाह गर्न भने खासै सकिरहेको छैन। जनताको आवाजलाई उचित स्थान दिने मञ्चका रूपमा पनि यहाँको मिडिया स्थापित हुन सकिरहेको छैन।

राजनीतिक र व्यापारिक हिसावले शक्तिसम्पन्न व्यक्तिहरूको लगानी यहाँको मिडियामा छ। यसकारण सम्पादकीय स्वतन्त्रताको उपभोग पूर्ण रूपमा भने सम्भव छैन। सञ्चारकर्मीका रूपमा पिछडिएका वर्गको प्रतिनिधित्व हुन सकिरहेको छैन। यसर्थ उनीहरूको आवाजले पनि उचित स्थान पाउन सकेको छैन। उनीहरूका पीर, मर्का, असुविधाहरू वहसका विषय वन्न सकेका छैनन्। सानो ठाउँ र विज्ञापन वजारको

---

७ *नेपाल समाचारपत्र* दैनिकका पाल्पा शाखा प्रमुख सतिश चापागाईसँगको कुराकानीवाट।

सीमितताले गर्दा विज्ञापनदातालाई विभाउने कुराभन्दा रिभाउने कुरातर्फ मिडियाको ध्यान जान्छ। राजनीतिक आग्रह र पूर्वाग्रहले निर्मित भ्रमको जालोमा परेका पाठकलाई समाचारको सत्यतामाथि शङ्का गर्नै पर्ने वाध्यता छ। पत्रकारहरूको कम सङ्ख्या, कम शैक्षिक योग्यता र कम पारिश्रमिकले गर्दा मिडिया वन्नुपर्ने जति प्रभावशाली वनेको छैन।

रेडियो स्टेसन स्थापनाका लागि र रेडियोमा केही कार्यक्रम सञ्चालनका लागि स्थानीय सरकार (गाविस, नपा र जिविस) ले लगानी गरेको हुँदा यी रेडियोहरू प्रभावकारी प्रतिपक्ष वन्न सक्दैनन्। *रेडियो मदनपोखरा* गाविस आफैंले सञ्चालन गरेको रेडियो हो। यसमा जिविसद्वारा प्रायोजित कार्यक्रम प्रसारण हुन्छ। *रेडियो लुम्विनी*मा पनि रूपन्देही जिविस र वुटवल नपाका आ-आफ्नै कार्यक्रमहरू छन्। वुटवल नगरपालिकाद्वारा प्रायोजित कार्यक्रम हाम्रो नगर हाम्रो शहरमा नगरपालिकालाई आँच पुग्ने सामग्री प्रस्तुत नगर्ने आशयको शर्त राखी सञ्चालकद्वय डि.आर. घिमिरे र माधव नेपालसँग सम्भौता गरिएको वुभिन्छ। यी कारणले स्थानीय सरकार पनि केन्द्र जस्तै मिडियामा आफ्नो पकड राख्न लालयीत भएको आभास हुन्छ।

यद्यपि रेडियोका केही कार्यक्रमले स्थानीय जनताहरूलाई सङ्गठित भई विकास निर्माणमा सहभागी हुन प्रेरणा दिने गरेका उदाहरणहरू पनि छन्। *रेडियो लुम्विनी*मा प्रसारित मर्चवार लिफ्ट सिँचाइ उपभोक्ता समितिको निम्ति २०५७ सालमा हप्तामा २ पटक कार्यक्रम प्रसारण गरिएको थियो। यसले उक्त समितिलाई पानी व्यवस्थापन गर्न, श्रमदान जुटाउन तथा पानीपोत उठाउन निकै सजिलो परेको थियो।[८]

यहाँको सञ्चार जगत्ले लुकेर वसेका तथ्यहरू र लुकाउन खोजिएका अनियमिततालाई वाहिर ल्याउने काम गर्दै नगरेका भने होइनन्। यहाँका मिडियामा खोज पत्रकारिताको अवस्थाका वारेमा तल चर्चा गरिएको छ।

यस क्षेत्रको सञ्चारजगत्ले खोज पत्रकारितातर्फ विस्तारै हात वढाउन थालेको पाइन्छ। सीमा क्षेत्र नजिक भएकाले लागू पदार्थका तस्करहरू, भन्सार छल्न खोज्नेहरू, चेलीवेटी वेचविखन गर्नेदेखि लिएर सार्वजनिक जग्गा हडप्ने, निर्माण कार्यमा घोटाला गर्नेजस्ता गैरकानुनी कार्य गर्नेहरूको छुट्टाछुट्टै गिरोह यहाँ सक्रिय भएको पाइन्छ। यी सवै विषयहरूमा खोज गरेर भेद खोल्ने काम त हुन सकेको छैन। तर खास गरी वुटवलको मिडियाले यस्ता काम गरेका केही उदाहरणहरू छन्। कालीगण्डकी आयोजनाको लागि आएको सिमेन्ट वजारमा विक्री भएको घटना, नगरपालिकाको ढल निर्माणको क्रममा भएको अनियमितता, तिनाउ खोलाको निषेधित क्षेत्रको गिटी ढुङ्गा नपाले विक्री गर्न खोज्दाको अनियमितता, रामनगरको जग्गाविवाद, शोभा वोर्डिङ्ग स्कूलको जग्गाविवाद इत्यादि घटनामा यहाँको मिडियाले राम्ररी नै भण्डाफोर गरेका थिए। कालीगण्डकी आयोजनाको सिमेन्ट घोटालासम्वन्धी घटनालाई फोटोसहित *वुटवल* साप्ताहिक (हाल वन्द) मा छापिएपछि उक्त घोटालामा मुछिएका १८ जना कर्मचारीलाई तत्काल निष्कासन गरी कार्वाही चलाइएको थियो। यो रिपोर्टिङ्ग गर्दा उक्त अखवारको तर्फवाट करिव ८ हजार रूपैयाँ खर्च भएको र

---

८ रेडियो लुम्विनीका स्टेसन म्यानेजर भरत भुसालसँगको कुराकानीवाट।

वदलामा स्यावासी मात्रै पाएको सम्वद्ध व्यक्तिहरू वताउनुहुन्छ। ज्यान मार्ने धम्की भने प्रशस्तै आएको अनुभव छ उहाँहरूको।

खोजी पत्रकारिता गर्न साधन, स्रोतको कमी त छँदैछ। प्रोत्साहन र सुरक्षाको अनुभूति दिने पनि कोही नहुने हुँदा यसले व्यापकता पाउन नसकेको हो। यस क्षेत्रमा खोजी पत्रकारिताभन्दा गोजी पत्रकारिता धेरै छ भन्ने सुन्न पाइन्छ। अनियमितता पत्ता लगाइसकेपछि नछापे वापत अथवा अनियमितता नखोजेवापत पत्रकारलाई हुने आर्थिक लाभलाई व्यङ्ग्यात्मक रूपमा गोजी पत्रकारिता भन्ने गरिएको हो। यसरी भ्रष्टाचारीसँग साँठगाँठ गरी आर्थिक लाभ लिने पत्रकारहरूवाट खोजी पत्रकारिताको आशा गर्न सकिँदैन।

रेडियोमा पनि खोज पत्रकारिता सम्भव भएको स्वीकारिएको छ। तर नयाँ प्रविधि भएको र सवै जना सिक्ने अवस्थामा नै भएकाले रेडियोमा खोज पत्रकारिता हुन सकेको छैन। पत्रपत्रिकाले उठाएको यस्ता विषयलाई व्यापक वनाई वारम्वार प्रहार गर्ने काममा भने रेडियोले पनि कुनै कसर वाँकी राखेको छैन।[९]

**खोजी पत्रकारिताको नमुनाः शोभा बोर्डिङ्ग स्कूल जग्गा काण्ड**

वुटवल नगरपालिका वार्ड नं. ६ स्थित वोर्डिङ्ग स्कूलले चर्चेको जग्गालाई उक्त वडाका वडाध्यक्ष कुलवहादुर कुँवर र वु.न.पा.का मेयर भोजप्रसाद श्रेष्ठले आर्थिक प्रलोभनमा परी गैरकानुनी रूपमा अनधिकृत व्यक्तिको नामममा सिफारिस गरिदिएको विषयमा *श्री देउराली*ले प्रकाशमा ल्याएको समाचारलाई खोजी गरी पछ्याउने काम दैनिक *जनसङ्घर्ष*ले गऱ्यो (जनसङ्घर्ष २०५७क)। वडाध्यक्षले गरेको सिफारिशको प्रतिलिपिसहित यसवारे समाचार प्रकाशित गरिएको थियो। मेयरले यसमा आफ्नो संलग्नता नभएको वताउँदै संलग्नता पुष्टि भएमा राजनीतिक र सामाजिक जीवनलाई तिलाञ्जली दिएर जुनसुकै सजायँ भोग्न तयार भएको चुनौती दिनुभयो (*जनसङ्घर्ष* ०५७ख)। त्यसपछि *जनसङ्घर्ष*ले असार ६ गते उहाँले नै गरेको सिफारिसको पनि प्रतिलिपि प्रकाशित गरिदियो। अनि त यस जग्गाविवाद प्रकरणले देशव्यापी रूपमा चर्चा पायो। यस विषयमा संसदमा समेत कुरा उठाइयो। स्थानीय राजनीतिक पार्टीहरूले मेयर र वडाध्यक्षको राजिनामाको माग गरे। यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी पऱ्यो। नगरपालिकाभित्रै छानविन आयोग गठन गरियो। मेयर र वडाध्यक्ष दुवै नेकपा एमाले पार्टीका भएकाले उक्त पार्टीले पनि छानविन आयोग गठन गऱ्यो। नेकपा एमालेद्वारा गठित आयोगले नियतवश नभए पनि आफ्नो मातहतको काममा प्रक्रियागत त्रुटि भएकाले नैतिक जिम्मेवारी लिन लगाई मेयरलाई सार्वजनिक रूपमा आत्मालोचना गर्न लगायो।

नगरपालिकाका तर्फवाट उक्त विषयमा स्पष्टीकरण दिँदै २०५७ साल फागुन ६ गते एक स्वेतपत्र जारी गरिएको थियो (वुटवल नगरपालिका २०५७)। उक्त स्वेतपत्रमा घटनाको पृष्ठभूमिदेखि लिएर स्वेतपत्र जारी गरिएको मितिसम्मका काम

---

[९] रेडियो लुम्बिनीका मुख्य कार्यक्रम उत्पादक लेखनाथ ज्ञवालीसँगको कुराकानीवाट।

कारवाहीको विवरण प्रस्तुत गरिएको थियो। यस जग्गासम्वन्धी विवादको मुद्दा अद्यापि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानमा रहेको छ।

यहाँको मिडियाले राम्ररी नै उधिनेको हुनाले यस काण्डलाई खोजी पत्रकारिताको राम्रो उदाहरणको रूपमा लिने गरिन्छ। तर उक्त विवादलाई राम्ररी पछ्याएर *जनसङ्घर्ष*मा छापिनुको पछाडि उक्त पत्रिकाका प्रधानसम्पादक वालकृष्ण चापागाई र मेयर भोजप्रसाद श्रेष्ठवीचको आपसी मनमुटाव जिम्मेवार रहेको पनि भन्ने गरिन्छ। यसलाई उक्त पत्रिकाका तत्कालीन कार्यकारी सम्पादक माधव नेपाल पनि केही हदसम्म स्वीकार्नु हुन्छ। वालकृष्ण चापागाई पनि नेकपा एमालेको सदस्य र स्थानीय निर्वाचनताका मेयरको टिकटको दावेदारमध्ये एक हुनुहुन्थ्यो। पछि उहाँ नगरपालिकाको प्रेस सल्लाहकार पनि हुनुभयो तर केही समयपछि हट्नुभयो। यस जग्गाविवादका कारण उहाँलाई पनि नेकपा एमाले जिल्ला कमिटीले एक वर्षका लागि पार्टी सदस्यवाट नीलम्वन गरेको थियो।

उक्त जग्गाविवादको प्रकरणवारेमा मेयर भोजप्रसाद श्रेष्ठको भनाइ छ– "नेपाली काङ्ग्रेस र अन्य विपक्षी पार्टीहरूले मलाई वदनाम गराउन यो षडयन्त्र रचेका हुन्। यसको मतियार पत्रकारहरू वन्न पुगे। पत्रकारहरूको रोजीरोटीको ग्यारेन्टि गर्न र जनजीविकाको समस्याका वारेमा हामी स्थानीय सरकारमा वसेकाले केही गर्न सकेका छैनौं। केन्द्रले पनि गरेको छैन। त्यसैले यहाँका पत्रकारहरू पीतपत्रकारिता गर्छन् र आर्थिक प्रलोभनमा परी अन्ट सन्ट लेखिदिन्छन्।"

जेहोस्, नियतवश वा प्रक्रियागत जे भएपनि एउटा गम्भीर त्रुटिलाई खोजी गरी सार्वजनिक गरेर सम्वन्धित सवैलाई राम्रो पाठ सिकायो मिडियाले यस घटनामा। यसका कारणले यस्तै गल्तीहरू फेरि दोहोरिन पाएनन् भने यसलाई अरू उपलब्धिपूर्ण मान्न सकिन्छ। तर नगरपालिकाद्वारा जारी गरिएको स्वेतपत्रमा भनिएको छ–

"यो एउटा सानो प्रतीकात्मक उदाहरण हो। राजनीतिक स्वार्थ हासिल गर्न यसका प्रायोजित प्रचारवाजीले अपवादको रूपमा यसले राष्ट्रिय चर्चामा स्थान पाएको भए पनि यस्ता कतिपय जग्गा चुपचाप डकार्ने कार्य निरन्तर रूपमा चल्दैछ" (वुटवल नगरपालिका २०५७)। यदि यो भनाइ सही नै हो भने यहाँको मिडिया चुप लागेर नवसी यस्ता मुद्दाहरू खोजतलास गरी प्रकाशमा ल्याउनु पर्दछ।

## १०. पत्रकारिताका सहयोगी गतिविधिहरु

यस क्षेत्रमा पत्रकारिताको अभ्यासलाई सघाउने सहयोगी गतिविधिहरू कमै मात्रामा हुने गरेका छन्। पत्रकारितासम्वन्धी तालिम, छलफल, अन्तर्क्रिया, गोष्ठी जस्ता कार्यक्रमहरू थोरवहुत हुने गरेको पाइन्छ। दक्ष पत्रकार उत्पादनका लागि क्याम्पस स्तरमा यससम्वन्धी औपचारिक शिक्षाको आवश्यकता महसुस गरिए पनि सो उपलव्ध हुन सकेको छैन यस क्षेत्रमा। पाल्पा, वुटवल र भैरहवाका क्याम्पसमा पत्रकारिताको पढाइ हुने गरेको छैन र स्थानीय उच्च माध्यमिक विद्यालयमा पनि यस्ता कक्षाहरू सञ्चालन भएका छैनन्। वुटवलको वुटवल वहुमुखी क्याम्पसमा आगामी वर्षदेखि प्रमाणपत्र तहमा पत्रकारिताको कक्षा सञ्चालन गर्ने तयारी हुँदैछ। वुटवल र

भैरहवाको क्याम्पसमा स्नातक तह तेस्रो वर्षमा कार्यमूलक पत्रको रूपमा 'नेपाली पत्रकारिता' विषयको पढाइ हुने गरेको छ। १०० अङ्क भार रहेको यस विषय प्रयोगात्मक भएकाले धेरै अङ्क पाउने आशामा विद्यार्थीको आकर्षण रहेको सम्बन्धित प्राध्यापकहरू वताउनुहुन्छ। पढेकामध्ये थोरैले मात्रै पत्रकारिता पेसा अँगालेको पनि वताइन्छ।

रूपन्देहीमा लामो समयको तालिमको अवसर त छँदै छैन। छोटो समयको तालिम पनि नियमित रूपमा सञ्चालन हुने गरेका छैनन्। तर नेपालगञ्जको क्षेत्रीय सञ्चार स्रोत केन्द्रले कहिलेकाहीं आधारभूत तालिम र अन्य विशेष तालिम सञ्चालन गर्दछ। वुटवलमा स्थानीय ४ जना पत्रकारहरू नेपाल प्रेस इन्स्टिच्युटको प्रशिक्षक वनिसक्नु भएको छ। प्रेस एकेडेमी नामको स्थानीय संस्थाले पनि वुटवलमा कहिलेकाहीँ तालिम दिने गर्दछ।

पाल्पामा ग्रामीण विकास पाल्पाले पत्रकारितासम्वन्धी तालिम दिन्छ। यसले गाउँमा वस्ने विभिन्न पेसा गर्ने, विभिन्न वर्गका महिला तथा पुरूषहरूलाई गाउँले पत्रकार (Barefoot Journalist) वनाउने तालिम सञ्चालन गर्दै आएको छ। पाल्पा र अन्य ३२ वाहिरी जिल्लामा यस संस्थाले तालिम प्रदान गरेको छ र यसवाट लाभान्वित हुनेको सङ्ख्या ९०० पुगिसकेको छ। यस संस्थासँग स्थानीय ८ जना प्रशिक्षकहरू रहेका छन्।

नेपाल पत्रकार महासङ्घ, रूपन्देहीले वेलावखतमा अन्य संस्थाहरूसँग मिलेर तालिम, अन्तर्क्रिया र गोष्ठीको संयोजन गर्ने गरेको छ। महासङ्घको भवन निर्माणका लागि घडेरीको शिलान्यास गरी निर्माण प्रक्रिया सुरु गर्ने प्रयासमा महासङ्घ जुटिरहेको छ। पत्रकारिता क्षेत्रमा विद्यमान कमीकमजोरी तथा समस्याका पहिचान गर्ने र तिनको योजनावद्ध हिसावले निरूपण गर्नेतर्फ भने नेपाल पत्रकार महासङ्घका रूपन्देही र पाल्पा शाखा दुवै नै निष्क्रिय छन्। प्रेस युनियन, प्रेस चौतारी जस्ता राजनीतिक विचारधाराका आधारमा गठित सङ्गठनहरूको पनि यस क्षेत्रमा अस्तित्व देखिन्छ। रूपन्देहीमा हालै मिडिया सेन्टर नामको अर्को संस्था खुलेको छ। यी सवै संस्थाहरूले पत्रकारिता क्षेत्रमा रहेका विकृति र समस्या हटाउने स्पष्ट सोच दिन र त्यस अनुरूपको व्यवहार गर्न सकेको भने पाइँदैन।

वुटवलमा निजी स्तरमा 'हिमालयन समाचार समिति' नामको समाचार एजेन्सी खुलेको छ। सवै मिडिया संस्थाले रिर्पोटरहरू राख्दा वोझ धेरै पर्ने भएकाले वरू एउटै संस्थाले समाचारहरू सङ्कलन गर्ने र त्यसलाई वेच्ने सोच राखेर यस समितिको गठन गरिएको हो। यसमा यस क्षेत्रका पुराना पत्रकारहरूको सहभागिता रहेको छ। यस समितिले अझै आफ्नो काम सुरु गरिसकेको छैन। २०५८ सालमा वुटवल नगरपालिकाले रू. ५० हजार यस समितिलाई उपलव्ध गराउने भएको छ। यसको कोष अलि दह्रो भएपछि काम सुरु गर्ने विचार गरेको जानकारी हिमालयन समाचार समितिका अध्यक्ष मदनलाल पौडेल दिनुहुन्छ।

यस क्षेत्रमा पत्रकारहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले केही पुरस्कारहरूको स्थापना पनि गरिएको छ। उद्योग पत्रकारिता पुरस्कार, सिद्धार्थ श्रमजीवी पत्रकारिता पुरस्कार, उत्कृष्ट पत्रकारिता पुरस्कार र प्रकाश स्मृति विकास पत्रकारिता

पुरस्कार नेपाल पत्रकार महासङ्घ रूपन्देही शाखाअन्तर्गतका पुरस्कारहरू हुन् (पहाडी २०५८)। यी पुरस्कारका लागि स्थानीय निकाय र व्यक्तिले आवश्यक रकमको व्यवस्था गरिरहेका छन्। यस वाहेक वातावरण वचाउ आन्दोलन समूह भैरहवाले पनि पुरस्कारको व्यवस्था गरेको छ। नेपाल पत्रकार महासङ्घ रूपन्देहीले नै पत्रकारिता कल्याणकारी कोषको स्थापना गरेको छ। यसवाट आउने व्याजले स्थानीय पत्रकारलाई आपतकालीन सहयोग गर्ने लक्ष्य लिइएको छ। यस्तै किसिमको कोष नेपाल पत्रकार महासङ्घ पाल्पा शाखाले पनि स्थापना गरेको छ। पाल्पा जिल्लामा पनि उत्कृष्ट पत्रकारिता पुरस्कार र सिर्जनशील पत्रकारिता पुरस्कारद्वारा स्थानीय पत्रकारहरूलाई पुरस्कृत गरिन्छ।

## ११. उपसंहार

नेपाल अधिराज्यको संविधान २०४७ र त्यसअन्तर्गत वनेका सञ्चारसम्वन्धी विभिन्न ऐनले सञ्चारको क्षेत्रमा सुरक्षित कानुनी वातावरण वनाइदिएको छ। त्यसैले आधुनिक सूचना प्रविधि र आधुनिक मुद्रण प्रविधिका साथ यस क्षेत्रको खासगरी वुटवलको पत्रकारिता आशा लाग्दो उद्योग र प्रतिस्पर्धी व्यवसायको रूपमा स्थापित हुन खोज्दैछ। जीविकोपार्जन र वृत्ति विकासको माध्यमको रूपमा पत्रकारिता पेसालाई स्वीकार्ने वातावरण पनि विस्तारै वढ्दै गइरहेको छ। अर्कोतिर मिडियाको उपभोक्ता (पाठक/स्रोता) को जमात पनि क्रमिक रूपमा वढ्दो छ। यति हुँदाहुँदै पनि अखवारहरूले आफूलाई दीर्घजीवी वनाउन सकिरहेका छैनन्। वुटवलको दाँजोमा भैरहवा र पाल्पामा पत्रकारिता सवल वन्न सकेकै छैन। वुटवलमा धेरै सङ्ख्यामा दैनिक र साप्ताहिक निस्केका र केही हदसम्म निरन्तरता पनि देखिएकाले यहाँको पत्रकारितालाई सफल मानिन्छ। तर वास्तवमा निरन्तरतालाई नै सफलताको कसी मान्न मिल्दैन र मूल्याङ्कनका लागि यसको गुणात्मक पक्ष हेरिनै पर्छ। यस क्षेत्रको पत्रकारितामा गुणात्मक पक्ष कमजोर नै रहेको छ। सूचनाप्रवाह र समाचारको सम्प्रेषणमा निष्पक्षता देखाउन यहाँको पत्रकारिताले सकिरहेको छैन। समाजिक दायित्वप्रति सजग र संवेदनशील वनी निर्वाध रूपमा निष्पक्ष सूचना प्रवाह गर्न वाँकी नै छ।

मिडियाले वहुलवादी समाजप्रतिको जिम्मेवारीको वोध गर्दै सवै वर्ग, जात, धर्म र लिङ्गका व्यक्तिहरूको समानुपातिक प्रतिनिधित्व गराई ती सवैको सवाललाई उत्तिकै प्राथमिकताका साथ उठाउनुपर्ने हो। यहाँको पत्रकारितामा दलित, जनजाति, मधेसी, महिला जस्ता पिछडिएका वर्गको सहभागिता पनि कम र उनीहरूको विषयले पाएको स्थान पनि कम भएको अवस्था छ। यसलाई सुधार्न मिडियासँग सम्वन्धित सवैले यसतर्फ गम्भिरतापूर्वक सोच्नै पर्ने हुन्छ।[१०]

यस क्षेत्रमा तालिमका अवसर कम भएकाले पत्रकारितामा रुचि हुनेले पनि दक्षता हासिल गर्न नसकेको स्थिति छ। यसतर्फ काठमाडौंमा तालिम दिने

---

[१०] सुधार गर्न सकिने उपायहरूकोलागि हेर्नुहोस्– वन्त र पराजुली (२०५८)

संस्थाहरूको ध्यान पुग्नुपर्ने हो। स्थानीय स्तरबाट पनि प्रशिक्षणका लागि केही गर्न नसकिने भन्ने होइन। पत्रकारितासम्बन्धी मात्रै नभई व्यवस्थापनमा काम गर्नेका लागि पनि सोहीअनुसारको तालिमको खाँचो छ यहाँ। स्थानीय क्याम्पसमा पत्रकारिताको कक्षा सञ्चालन गरेमा पनि दक्ष जनशक्ति यहाँको मिडियाले पाउन सक्थ्यो र मिडियाको स्तर उकासिन्थ्यो।

यस क्षेत्रमा श्रमजीवी पत्रकारहरूले उचित पारिश्रमिक पाउन सकेका छैनन्। यसकारण विकल्पको खोजी स्वाभाविक हुन्छ। यस्तै विकल्पको रूपमा देखिएको कथित गोजी पत्रकारिता यहाँको पत्रकारिताको लागि शत्रु नै हो। पत्रकारलाई उचित पारिश्रमिक र अन्य सुविधा दिएमा निश्चित रूपमा अखवारको स्तर वढ्छ। यसले अन्ततः प्रकाशनको व्यापार वढाई आर्थिक फाइदा नै दिलाउँछ। त्यसैगरी लेख, रचना, फोटो, कार्टुन इत्यादिलाई पनि मिहिनेतअनुसारको पारिश्रमिक दिनु प्रकाशनगृहको दायित्व हो।

अखवारको भाषा स्तरीय वनाउनेतर्फ लाग्ने, पाठक सहभागितालाई ध्यान दिने र रिपोर्टरको सङ्ख्या वढाई अध्ययन अनुसन्धान गरिएका फिचर पनि नियमित प्रकाशन गरेमा अखवारको स्तर वढ्छ। अहिलेको अखवारले प्रतिस्पर्धा गर्ने भनेकै स्तरीयताको निम्ति हो। यहाँका अखवारहरू भने राजनीतिक प्रभावबाट मुक्त हुन सकेका छैनन्। अखवारमा राजनीतिक पार्टीको, अझ कुनै नेताको भजन छाप्ने र पार्टीका सदस्यलाई ग्राहक वनाई अखवार वाँड्ने काम त पार्टीकै मुखपत्रले गर्ने हो। यसरी गर्ने पत्रकारिताले स्थायित्व नपाउने निश्चित छ। त्यसैले स्वतन्त्र रूपले पत्रिका प्रकाशन गरी पत्रिकालाई दीर्घजीवन दिन राजनीतिको आवरण हटाउनै पर्छ।

सम्पादकीय स्वतन्त्रतामाथि हुने वेलावेलाको प्रकाशकीय हस्तक्षेपले पत्रकारिता कुण्ठित हुन्छ र यसले निर्वाध गति लिन सक्दैन। तर एक से एक प्रकाशनगृहहरू वनेपछि खुवी देखाउन सक्ने पत्रकारहरू आफ्नो अडानमा अडिग रहन सक्छन्। किनभने उनीहरूले उक्त प्रकाशनगृह छोड्नै परेपनि अर्को प्रकाशनले उनीहरूलाई स्थान दिने सम्भावना प्रशस्तै हुन्छ। यस्तो स्थितिमा प्रकाशकीय दवाव स्वतः कम हुन्छ। तर अहिलेसम्म यस्तो स्थिति आउन सकेको छैन यहाँ।

राजधानीका व्रोडसिट दैनिकहरूको पूर्वाञ्चल संस्करणपछि स्थानीय अखवारलाई ठूलै मर्का परेको वुझिन्छ। यी अखवारले वुटवलमा पनि त्यस्तो संस्करण निकाल्ने सम्भावना वलियो छ। त्यसैले प्रतिस्पर्धाका लागि स्थानीय अखवारहरूले अहिलेदेखि नै तयारी गरेर आफूलाई गुणस्तरीय वनाउनु जरूरी भइसकेको छ। यहाँका दैनिक अखवारलाई राष्ट्रिय हुने मोहले छोडेको छैन। त्यसको साटो वरू आफूलाई क्षेत्रीय अवधारणाअन्तर्गत त्यस क्षेत्रमै सीमित राखी व्यापकता पाउनेतर्फ लागेमा उपयुक्त देखिन्छ। ग्रामीण वस्तीका कुनाकाप्चाका समाचारहरू र स्थानीय परिवेशकै लेखहरू पनि छापेमा स्थानीय वासिन्दाको माया पाउन सक्छ अखवारले।

राज्यका तर्फवाट पत्रकारिता उपेक्षित भएको तर्क नाजायज हैन। झन् काठमाडौं वाहिरको पत्रकारिता अझ उपेक्षित रहेको छ। रेडियो प्रसारणमा सरकारी शर्त र वन्देजले व्यवधान खडा गरिरहेका छन्। मदनपोखराको सामुदायिक रेडियो र

काठमाडौंको व्यापारिक प्रयोजनका रेडियोलाई हेर्ने सरकारी दृष्टिकोणमा केही फरक छैन।

यस क्षेत्रको पत्रकारितामा प्रशस्तै चुनौतीहरू छन् तर सम्भावना पनि हुँदै नभएका होइनन्। हाल विद्यमान कमजोरीलाई महसुस गरी तिनको निराकरण गर्न सकेमा यहाँको मिडियाको भविष्य उज्ज्वल नै छ।

## यो अनुसन्धानको सिलसिलामा सम्पर्क गरिएका व्यक्तिहरू

| | | |
|---|---|---|
| १. | अजयमान श्रेष्ठ | प्रबन्ध सञ्चालक, *जनसङ्घर्ष* दैनिक |
| २. | अर्जुन ज्ञवाली | अध्यक्ष, *रेडियो लुम्बिनी* |
| ३. | अर्जुनमान सैंजु | अध्यक्ष, बुटवल उद्योग वाणिज्य सङ्घ |
| ४. | डा. ईश्वर गौतम | पूर्व अध्यक्ष, हाइटेक अफसेट प्रकाशन प्रा.लि. |
| ५. | ईश्वर पोखरेल 'अबिरल' | स्थानीय गायक, शुभेच्छा ब्याण्ड |
| ६. | एजाज आलम | महासचिव, रूपन्देही उद्योग सङ्घ |
| ७. | एम.बी. विश्वकर्मा | प्रबन्ध निर्देशक, *लुम्बिनी* दैनिक |
| ८. | ऋषिराम भुसाल | उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस |
| ९. | कमला कुँवर | पत्रकार |
| १०. | कर्णबहादुर कार्की | सम्पादक, *लुम्बिनी* दैनिक |
| ११. | किशोर नेपाल | पत्रकार |
| १२. | कृष्णराज पाण्डे | सम्पादक, *सम्वाद* साप्ताहिक |
| १३. | कृष्णबहादुर कार्की | सम्बाददाता, *जनसङ्घर्ष* दैनिक, नवलपरासी |
| १४. | डा. कृष्णचन्द शर्मा | अध्यक्ष, मेचीकाली बहुउद्देश्यीय सहकारी संस्था |
| १५. | गङ्गा खासु | सहसम्पादक, *नयाँ राज्यसत्ता* साप्ताहिक |
| १६. | गिरी श्रीस | पूर्व सम्पादक *लुम्बिनी* दैनिक |
| १७. | गोपाल गुरागाईं | सञ्चालक, कम्युनिकेसन कर्नर |
| १८. | गोबिन्दबहादुर थापा | सम्पादक, *नयाँ दिशा* दैनिक |
| १९. | चतुर्भुज आत्रेय | पूर्व सम्पादक, *लुम्बिनी* दैनिक |
| २०. | जङ्गबहादुर शाह | स्तम्भकार |
| २१. | जे.बी. पुन | कार्यकारी सम्पादक, *नयाँ राज्यसत्ता* द्वैमासिक |
| २२. | टीकाराम न्यौपाने | कार्यकारी सम्पादक, *श्री देउराली* दैनिक |
| २३. | टि.पी. भुसाल | सह-सम्पादक, *बुटवल एक्सप्रेस* साप्ताहिक |
| २४. | टोपलाल शर्मा | कार्यक्रम अधिकृत, सूचना, अनुसन्धान तथा प्रकाशन शाखा, जि.वि.स., रूपन्देही |
| २५. | डि.आर. घिमिरे | सम्पादक, *मेचीकाली सन्देश* दैनिक |
| २६. | तिलक आचार्य | प्रेस सल्लाहकार, बुटवल नगरपालिका |
| २७. | डा. दामोदर ढकाल | सहायक क्याम्पस प्रमुख, भैरहवा बहुमुखी क्याम्पस |
| २८. | दीपक ज्ञवाली | सहसम्पादक, *लुम्बिनी* दैनिक |
| २९. | दिल साहनी | स्वतन्त्र लेखक |
| ३०. | दिपेन्द्र कुँवर | सम्वाददाता, *नयाँ दिशा* दैनिक |
| ३१. | दिनेश पाण्डे | सहसम्पादक *बुटवल साप्ताहिक* (हाल बन्द) |
| ३२. | देवबहादुर पाटा | सम्पादक *नयाँ राज्यसत्ता* साप्ताहिक |
| ३३. | नारायण सापकोटा | पत्रकार |
| ३४. | नारायण ज्ञवाली | व्यवस्थापक, *नयाँ दिशा* दैनिक |

| | |
|---|---|
| ३५. प्रेम सुवेदी | प्रबन्ध निर्देशक, *नयाँ दिशा* दैनिक |
| ३६. बद्रिनाथ पाण्डे | सम्पादक/प्रकाशक, *भावना* दैनिक (हाल बन्द) |
| ३७. वसन्त पोखरेल | सल्लाहकार सम्पादक, *जनसङ्घर्ष* दैनिक |
| ३८. वालकृष्ण चापागाई | पूर्व प्रधान सम्पादक, *जनसङ्घर्ष* दैनिक |
| ३९. वसन्तध्वज जोशी | पुरानो पत्रकार |
| ४०. वसन्तराज खनाल | प्रमुख व्यवस्थापक, *मेचीकाली सन्देश* दैनिक |
| ४१. वेनुराम प्रधान | अध्यक्ष हाइटेक अफसेट प्रकाशन प्रा.लि. |
| ४२. भरत पोखरेल | प्रधान सम्पादक, *मेचीकाली सन्देश* दैनिक |
| ४३. भोजप्रसाद श्रेष्ठ | मेयर, बुटवल नगरपालिका |
| ४४. महेन्द्र थापा | सम्वाददाता, *कान्तिपुर* बुटवल |
| ४५. महेन्द्रनारायण श्रेष्ठ | निवर्तमान अध्यक्ष, रूपन्देही उद्योग सङ्घ |
| ४६. मदनलाल पौडेल | पुरानो पत्रकार/अध्यक्ष, हिमालयन समाचार समिति |
| ४७. माधव ढुङ्गाना | सम्वाददाता, *कान्तिपुर*, भैरहवा |
| ४८. माधव नेपाल | सम्वाददाता, *बीबीसी* बुटवल |
| ४९. माया भण्डारी | कार्यक्रम प्रस्तोता, *रेडियो लुम्बिनी* |
| ५०. मीना चौधरी | कार्यक्रम प्रस्तोता, *रेडियो लुम्बिनी* |
| ५१. मोहन चापागाई | सम्पादक, *लुम्बिनी* दैनिक |
| ५२. युवराज कँडेल | स्वतन्त्र लेखक |
| ५३. रमेश न्यौपाने | स्ववियू सभापति, बुटवल बहुमुखी क्याम्पस |
| ५४. रामप्रसाद पाण्डेय | सम्पादक/प्रकाशक, बुटवल *एक्सप्रेस* साप्ताहिक |
| ५५. रामकृष्ण भण्डारी | सम्वाददाता, *मेचीकाली सन्देश* दैनिक |
| ५६. लेखनाथ ज्ञवाली | मुख्य कार्यक्रम उत्पादक, *रेडियो लुम्बिनी* |
| ५७. विनोद पहाडी | सभापति, नेपाल पत्रकार महासङ्घ, रूपन्देही शाखा |
| ५८. विष्णु खनाल | प्रमुख सम्वाददाता, *रेडियो लुम्बिनी* |
| ५९. विमलबहादुर शाक्य | उपमेयर, बुटवल नगरपालिका |
| ६०. शम्भु पन्त | सम्वाददाता, स्पेसटाइम दैनिक भैरहवा |
| ६१. शान्ता गौतम | सम्वाददाता, *जनसङ्घर्ष* दैनिक |
| ६२. शेरबहादुर के.सी. | कार्यकारी सम्पादक, *जनसङ्घर्ष* दैनिक |
| ६३. सरोज पन्थी | व्यवस्थापक, *लुम्बिनी* दैनिक |
| ६४. सुमन अधिकारी | कार्यकारी सम्पादक, *नयाँ दिशा* दैनिक |
| ६५. सूर्यलाल | ज्येष्ठ पत्रकार |
| ६६. सुरेस सेन्चुरी | सङ्गीतकार/व्यवस्थापक, वागेश्वरी सङ्गीतलय, बुटवल |
| ६७. स्वयंवर हाङ्ग | कार्टुनिस्ट |
| ६८. सिद्धिचरण भट्टराई | कार्यकारी सम्पादक, *मेचीकाली सन्देश* दैनिक |
| ६९. हरि ज्ञवाली | सम्पादक *नवयुग* पाक्षिक, लुम्बिनी व्यूरो |
| ७०. हरिश ढकाल | फोटोपत्रकार/*नेपाल टेलिभिजन* सम्वाददाता, बुटवल |
| ७१. हरि अधिकारी | लगानीकर्ता, *श्री देउराली* |
| ७२. हिमांशु चौधरी | रासस, अञ्चल प्रतिनिधि |
| ७३. हिरण्यलाल ज्ञवाली | उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस |
| ७४. हेमराज शर्मा | *सम्वाददाता नयाँ युगवोध* दैनिक |

**पाल्पा**

| | |
|---|---|
| १. अशोककुमार शाही | मेयर, तानसेन नगरपालिका |
| २. कविराज नेपाल | सम्वाददाता *नेपाल समाचारपत्र*, पाल्पा |
| ३. गीता ज्ञवाली | समाचारवाचक, *रेडियो मदनपोखरा* |
| ४. गोविन्द भट्टराई | सभापति, नेपाल पत्रकार महासङ्घ, पाल्पा शाखा |
| ५. घनश्याम गौतम | सम्वाददाता, *हिमालय टाइम्स*, पाल्पा |

| | | |
|---|---|---|
| ६. | चकोरमान शाक्य | निवर्तमान अध्यक्ष, पाल्पा उद्योग वाणिज्य सङ्घ |
| ७. | चोलेश्वर शर्मा | क्याम्पस प्रमुख, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा |
| ८. | जगदीश भट्टराई | सम्पादक/प्रकाशक, *नव जनचेतना* साप्ताहिक |
| ९. | जीवनप्रकाश नेपाल | सम्पादक/प्रकाशक, *पाल्पा सन्देश* साप्ताहिक |
| १०. | झपेन्द्र गहिरे | रासस प्रतिनिधि, पाल्पा |
| ११. | डा. पुरन वज्राचार्य | सचिव, नेकपा एमाले, नगरसमिति तानसेन |
| १२. | प्रदीप पाण्डे | सम्वाददाता, *मेचीकाली सन्देश* दैनिक पाल्पा |
| १३. | भगवान भण्डारी | अतिथि सम्पादक, *पाल्पा सन्देश* साप्ताहिक |
| १४. | माधव अर्याल | सम्वाददाता, *जनसङ्घर्ष/नयाँ सडक* |
| १५. | मेघराज शर्मा | सम्पादक, *गाउँले देउराली* |
| १६. | यमप्रसाद पाण्डे | अध्यक्ष, मदनपोखरा, गाविस/*रेडियो मदनपोखरा* |
| १७. | रामप्रसाद न्यौपाने | सम्वाददाता, *राजधानी/लुम्बिनी* दैनिक |
| १८. | वनमाली निराकार | उपप्राध्यापक, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा |
| १९. | विनयकुमार कसजु | प्रधानसम्पादक, *गाउँले देउराली* |
| २०. | सतीश चापागाई | शाखाप्रमुख, *नेपाल समाचारपत्र*, पाल्पा |
| २१. | सोमनाथ अर्याल | सञ्चालक समिति सदस्य, *रेडियो मदनपोखरा* |
| २२. | हरि रायमाझी | अध्यक्ष, पाल्पा उद्योग वाणिज्य सङ्घ |

## सन्दर्भ सामग्री

के.सी. शेरबहादुर र अरूहरू सं.। २०५७। *मोफसल*। बुटवलः नेपाल पत्रकार महासङ्घ रूपन्देही शाखा।

चापागाई, बालकृष्ण र अरूहरू सं.। २०५१। *रूपन्देहीको पत्रकारिताः एक दिग्दशर्न*। बुटवलः नेपाल पत्रकार सङ्घ, रूपन्देही शाखा।

चापागाई, बालकृष्ण। २०५७। लुम्बिनी अञ्चलमा पत्रकारिताको विकासक्रम र विद्यमान अवस्था। *जनसङ्घर्ष*, १४ फाल्गुण, पृ. १।

जनसङ्घर्ष। २०५७क। वुनपाद्वारा गैर कानुनी रूपमा झण्डै २ करोडको जग्गा सिफारीश, नगरप्रमुख समेतका केही जनप्रतिनिधिहरूको प्रत्यक्ष संलग्नता। ३ असार, पृ. १।

जनसङ्घर्ष। २०५७ख। विवादास्पद जग्गा काण्डको थप रहस्य पर्दाफासः नगर प्रमुख नै जग्गा काण्डको प्रमुख दोषी। ६ असार।

जोशी, वसन्तध्वज। २०५५। पश्चिमाञ्चल विकास क्षेत्रको पत्रकारिताः सम्भाव्यता र चुनौतीहरू। *पत्रकारिता र यसका चुनौतीहरू* (कार्यपत्र सङ्ग्रह), पृ. ३४-४९। काठमाडौंः प्रेस काउन्सिल नेपाल।

जोशी, वसन्तध्वज। २०५१। रूपन्देहीको पत्रकारिता अतीतदेखि वर्तमानसम्म। *रूपन्देहीको पत्रकारिताः एक दिग्दर्शन*। बालकृष्ण चापागाई र अरूहरू सं., पृ. ३९-४७। बुटवलः नेपाल पत्रकार महासङ्घ, रूपन्देही।

नव जनचेतना साप्ताहिक। २०५८। जि.वि.स.भित्रको अनियमितताको नालीबेली। २५ वैशाख।

नेपाल वातावरण पत्रकार समूह। २०५७। *रेडियो* । १ (१)। काठमाडौं।

नेपाल वातावरण पत्रकार समूह। २०५८। *रेडियो* । १ (२)। काठमाडौं।

नेपाल समाचारपत्र। २०५८। रेडियो सञ्चालनका लागि महायज्ञ गरिने। २६ फागुन, पृ. ७।

पराजुली, शेखर र भास्कर गौतम। २०५८। प्रिन्ट मिडियामा दलित र जनजाति सहभागिताः राष्ट्रिय सर्वेक्षण। *नेपाली मिडियामा दलित तथा जनजाति*। प्रत्यूष वन्त र शेखर पराजुली सं., पृ. २१-५६। काठमाडौंः एकता बुक्स।

पहाडी, विनोद। २०५८। बुटवल अर्थात् पत्रकारितामा मोफसलको राजधानी। *गोरखापत्र,* २४ फागुन, पृ. १२।

पुन, जे.बी। २०५७। रामनगरको जग्गामा भू-माफियाहरूको ताण्डव नृत्यः जनताको उठीबास लाग्न सक्ने। *नयाँ राज्यसत्ता* साप्ताहिक, २ मङ्सिर, पृ. ४।

प्रेस काउन्सिल नेपाल। २०५८। छब्बीसौं बार्षिक प्रतिवेदन २०५७/०५८। काठमाडौंः प्रेस काउन्सिल नेपाल।

बुटवल नगरपालिका। २०५७। बुटवल नगरपालिकाद्वारा जारी गरिएको स्वेतपत्र। ६, फागुन। बुटवल।

बुटवल साप्ताहिक। २०५६। काली गण्डकी 'ए' को भविष्य खतरामाः सिमेन्टका अवैध बिक्रीमा प्रोजेक्ट मेनेजरको हात। २० असार, पृ. १।

भट्टराई, गोविन्द। २०५७। *प्रवाह* (नेपाल पत्रकार महासङ्घ पाल्पा शाखाको बुलेटिन)ः १ (१), १(२), १(३)। पाल्पा।

मैनाली, रघु। २०५६। रेडियो लुम्बिनीः मौलिक परिचयको खोजीमा। *हाकाहाकी* ३(५)ः २५-२६। काठमाडौं

लुम्बिनी। २०५६क। निषेधित क्षेत्रको ढुङ्गा निकासीले बुटवल तिनाउ पुल, सेमलार नहरपुरका वस्तीको भविष्य खतरामाः ढुङ्गा बिक्रीबाट बुटवलका मेयरको लाखौं कमाउने योजना। २ वैशाख, पृ. १।

लुम्बिनी। २०५६ख। वुनपाको आकस्मिक वैठक, भ्रष्टाचार ढाकछोप गर्न पत्रकार सम्मेलन : ढुङ्गा, गिट्टीको ठेक्कामा लाखौं घोटाला भएको थप पुष्टि। १२ वैशाख, पृ. १।

वन्त, प्रत्यूष। २०५३। देउरालीको १०० औं अङ्क। *हिमाल* ६(१)ः २५-२६।

वन्त, प्रत्यूष र शेखर पराजुली, सं.। २०५८। *नेपाली मिडियामा दलित तथा जनजाति*। काठमाडौंः एकता बुक्स।

शर्मा, मेधराज। २०५५। पाल्पाली पत्रकारिता। *पत्रकारिता,* असार पृ. ३१-३२।

Onta, Pratyoush. 1996. Village Weekly *Deurali* Celebrates 100th issue. *Everest Herald,* 13 June, p.4.

Onta, Pratyoush. 1997. The Other Print Media. *The Kathmandu Post,* 13 June, p. 4.

Radio Sagarmath, Nepal Forum of Environmental Journalists. n.d. Radio Madanpokhara: A new Beginning. Unpublished ms. Kathmandu: Radio Sagarmatha, Nepal Forum of Environmental Journalists.

Nepal Forum of Environmental Journalists. 2000, *Off Air.* 1(1), 1(2).

Kharel, P. 1999. In Butwal, Second Meadia Capital. *Kathmandu Post,* 27 April.

●